# अध्याय - १

## १. पृष्ठभूमि (Background)

### १.१ नेपालमा पत्रकारिताको विकास

वि.स. १९०८ मा बेलायतबाट फर्कदा राणा प्रधानमन्त्री जंगबहादुरले 'प्रेस' ल्याएका थिए । छापाखाना सम्बन्धी नेपालको इतिहासमा जंगबहादुरले ल्याएको त्यहि प्रेस मेसिनलाई 'गिद्धे प्रेस' का नामले चिनिन्छ । उक्त प्रेस स्थापना भएको ४७ वर्षपश्चात मात्रै नेपालमा पहिलो पत्रिकाको रुपमा *सुधासागर* मासिक प्रकाशित भयो । यो नै नेपाली भाषामा नेपालबाट प्रकाशित पहिलो पत्रिका हो । यद्यपि यसअघि वि.स. १९४५ मा मोतिराम भट्टले भारतको बनारसबाट प्रकाशित गरेको *गोर्खा भारत जीवन*लाई नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रुपमा लिइन्छ । वि.स. १९५६ मा काठमाडौंबाट *सुधासागर*को प्रकाशन भइरहेकै बखत बनारसबाट मासिक रुपमा *उपन्यास तरंगिणी* नामक साहित्यिक पत्रिका प्रकाशित भयो । तर यो पत्रिका केहि अंक प्रकाशित भएपछि बन्द भयो । त्यहि ताका देहरादुनमा *जागृत गोर्खा* नामक त्रैमासिक पत्रिका प्रकाशित भयो । वि.स. १९५८ मा दार्जिलिङबाट *गोर्खेखबर कागज*को प्रकाशन शुरु भयो । यसलाई दार्जिलिङबाट नेपाली भाषाको पत्रिकाको प्रारम्भविन्दु मान्न सकिन्छ । *गोर्खे खबर कागज* ४० वर्षसम्म लगातार प्रकाशित भएर वि.स. १९९८ मा बन्द भएको थियो । यता नेपालमा भने *सुधासागर* प्रकाशित भएको तिन वर्षपछि सरकारकै सक्रियतामा साप्ताहिक रुपमा *गोर्खापत्र* प्रकाशित भयो । त्यतिखेर साप्ताहिक रुपमा प्रकाशित त्यहि *गोर्खापत्र* २०१७ फागुन ७ देखि दैनिक रुपमा प्रकाशित भएको हो । वर्तमान अवस्थामा पहिलाको त्यहि *गोर्खापत्र गोरखापत्र*को नामले दैनिक रुपमा प्रकाशित हुँदै आएको छ (देवकोटा, ०५९: ३८) ।

*सुधासागर* मासिक पत्रिका प्रकाशित भएको करिब दुई वर्ष दश महिनापछि वि.स.१९५८ मा सोमबारको दिन नेपालबाट निस्केको पत्रिकामा माइलो भई *गोरखापत्र* जन्मियो । पत्रिकाको लहरमा यो माहलो पत्रिका भएतापनि नेपाली माटोमा समाचारपत्रको रुपमा उम्रेका विरुवाहरुमा यसलाई जेठो मान्नुपर्छ । श्री नरदेव मोतिकृष्ण शर्माद्वारा श्री पशुपतप्रेस ठहिटी नेपालमा छापिई

भर्खर निस्कदाँ सात सात दिनमा प्रत्येक सोमबारको दिन यसलाई भेट्न सकिन्थ्यो । (देवकोटा, ०५९ : २९)

बनारसमा रहेका नेपालीहरुले साहित्यिक पत्रकारिताको थालनी गर्ने क्रममा वि.स.१९६३ मा *सुन्दरी* नामक साहित्यिक मासिक पत्रिकाको शुरुवात गरे । १८ महिनापश्चात नै यो पत्रिका बन्द भयो । यो पत्रिका बन्द भए लगत्तै *माधवी* नामक साहित्यिक मासिकको प्रकाशन शुरु भयो । यो पत्रिका पनि लामो समयसम्म टिक्न सकेन । पत्रिका प्रकाशन शुरु भएको आठ महिना पछि नै बन्द भयो ।

वि.स. १९७० को दशक नेपाली पत्रकारितामा महत्वपूर्ण मानिन्छ । यो अवधिमा प्रवासबाट *चन्द्र गोर्खाली, चन्द्रिका, जन्मभूमि* जस्ता पत्रिकाहरु प्रकाशित भए । दार्जिलिङबाट प्रकाशित हुने *गोर्खाली*को मुख्य उद्देश्य चन्द्रशमशेरको निरंकुशताको विरोध गर्नु थियो । *गोर्खाली*को प्रभाव कम गर्न असफल भएपश्चात चन्द्रशमसेरले अंग्रेज सरकारसँग अनुरोध गरेर एक वर्षपछि *गोर्खाली* बन्द गराए । नेपाली पत्रकारितामा सरकारी 'कु' को सिकार हुने पहिलो पत्रिकाको उदाहरण *गोर्खाली* नै थियो भनेर पाण्डेले उल्लेख गरेका छन् ।

देहरादुनबाट ठाकुर चन्दन सिंहले वि.सं. १९८२ मा *गोरखासंसार* प्रकाशित गरे भने अर्को वर्ष *हिमालय टाइम्स* नामक अँग्रेजी साप्ताहिकको प्रकाशन शुरु गरे । *हिमालय टाइम्स*मा *गोरखा संसार*कै समाचारका सारांसहरुको अंग्रेजी उल्था प्रकाशित हुन्थ्यो । पछि उनले चन्द्रशम्शेरका प्रलोभनका कारण यी पत्रिकाको प्रकाशन बन्द गरे । "नेपाली पत्रकारिताको इतिहासमा सरकारले पत्रकारहरुलाई प्रलोभन दिएर आफ्नो पक्षमा गराएको यो नै पहिलो घटना थियो ।" (पाण्डे, २०५५ : ६) । यहि समयमा बनारसबाट *राजभक्ति,* दार्जिलिङबाट *आदर्श,* मासिक प्रकाशित भएका थिए ।

नेपालमा भने वि.स. १९८० को दशकसम्म आइपुग्दा पनि *गोर्खापत्र* बाहेक अर्को अखबार थिएन । *गोर्खापत्र* बाहेक नेपालबाट प्रकाशित हुने अरु नेपाली पत्रिका पढ्नका लागि १९९० को दशक पर्खिनुपऱ्यो । वि.स. १९९१ को फागुन महिनामा *शारदा* साहित्यिक मासिकको प्रकाशन शुरु भयो । साहित्यिक पत्रिका भएतापनि तत्कालिन नेपालको राजनैतिक तथा सामाजिक परिवेशलाई

उद्घाटन गर्न *शारदा*को अहम् भूमिका रहेको छ । यो पत्रिका २७ वर्षसम्म निरन्तर चलेपश्चात बन्द भयो । १९९२ भदौदेखि *उद्योग* नामक पाक्षिक पत्रिकाको प्रकाशन शुरु भयो । प्रवासबाट पनि पत्रिकाहरु प्रकाशित भइरहेका थिए । वि.स. १९९२ मा सिलोङ्गबाट *गोरखा सेवक,* १९९३ मा बनारसबाट *उदय* मासिक जस्ता पत्रिकाहरु प्रकाशित भएतापनि यी पत्रिकाहरु छोटो समयमै बन्द हुन पुगे ।

वि.स. २००० सालसम्म साहित्यिक पत्रिकाहरु मात्रै प्रकाशित थिए । एकतन्त्रीय जहाँनिया राणाशासनका कारण राजनीतिक विचारप्रधान पत्रिकाहरु खासै मात्रमा प्रकाशित हुन सकिरहेका थिएनन् । प्रवासबाट विस्तारै राणाविरोधी पत्रिकाहरुको प्रकाशन आरम्भ हुन थालेको थियो । यही क्रममा वि.स. २००४ सालमा बनारसबाट *युगवाणी* प्रकाशित भयो, जसले राणाशासनविरुद्धका राजनीतिक लेखहरुलाई प्रमुखताका साथ छाप्ने गर्दथ्यो । वि.सं. २००५ साल कात्तिकदेखि कलकत्ताबाट प्रकाशित *नेपाल पुकार* पनि राणाशासनको विरुद्ध देखापऱ्यो । नेपाली पत्रकारिताको इतिहासमा क्रान्तिलाई सफल पार्न यी दुवै पत्रिकाहरुको उल्लेखनीय योगदान रहेको छ ।

राणाशासनको आखिरी समयताका चाहिँ नेपालबाटै पनि राजनीतिक विषयलाई समावेश गरिएका पत्रिकाहरु प्रकाशित हुन थालेका थिए । वि.स. २००७ साल फागुन ४ गतेदेखि *जागरण* साप्ताहिक प्रकाशित भयो । त्यसको केही दिनमा नै नेपालमा प्रजातन्त्रको स्थापना भयो । तत्पश्चात् पत्रपत्रिकाहरुको प्रकाशनमा बाढी नै आयो । प्रजातन्त्रको स्थापना भएको भोलिपल्ट ८ फागुन २००७ देखि *आवाज* दैनिकको शुरुवात भएको थियो ।

वि.सं. २०११ सालमा पशुपतिदेव पाण्डेको सम्पादनमा *समाज* दैनिक प्रकाशन सुरु भयो । यसै कालखण्डमा *सन्देश, दैनिक समाचार, नेपाली समाचार, जय नेपाल, नेपाल भाषा, नेपाल टाइम्स, द कमनर, समय हालखर, एभरेष्ट न्युज, सही सन्देश, सत्याग्रह, दियालो, पासा, गोरेटो, भूगोलपार्क, नयाँ समाज, स्वतन्त्र समाचार, जनमत, डेली मिरर, जनता, मदरल्याण्ड, तरंग, राँको, झिल्को, राष्ट्रवाणी, आलोक, सही रस्ता, युगदुत* जस्ता पत्रपत्रिकाहरु प्रकाशित भए । यी पत्रिकाहरु कुनै न कुनै रुपमा राजनीतिक पार्टीसँग सम्बन्धित थिए ।

वि.स. २००७ देखि २०१७ सालसम्मको प्रकाशनका गतिविधि राजनीतिक पार्टीसँग प्रत्यक्ष सम्बन्धित हुन पुग्यो । प्रकाशनहरु कुनै न कुनै राजनीतिक दलको मुखपत्रको रुपमा बजारमा देखिन थाले । कुनै कम्युनिष्ट पार्टीको प्रखर मुखपत्रको रुपमा आउन थाले । अधिकांश समाचारपत्रहरुले नेपाली कांग्रेसको वकालत गर्नमा आफूलाई सबल देखाउन थाले । त्यस्तै स-साना पार्टीहरुले पनि आफ्नो प्रचार माध्यम मुखपत्रको रुपमा प्रकाशनलाई बनाउन नसके पार्टीको अस्तित्व नै समाप्त हुने अनुभव गर्न थाले र प्रकाशन दर्ता गरी प्रचार गर्न सुरु गरे । ( बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४ : ८०) ।

वि.स. २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् प्रकाशनको क्षेत्रमा पनि परिवर्तन देखापऱ्यो । राजनीतिक विविधताको विषयवस्तु एकीकृत हुन पुग्यो । पञ्चायत व्यवस्थालाई आघात पुऱ्याउने कुनै पनि बास्तविक चिजहरु प्रेसमा आउन नसक्ने कानुनी प्रावधान राखिए । यसले गर्दा प्रेसको भूमिका साँघुरिएन मात्रै, कतिपय पंचायतविरोधी विचारधाराका पत्रिकाहरुमाथि प्रतिबन्ध नै लगाइयो । "राजनीतिक उद्देश्यले प्रकाशित पत्रपत्रिका तथा पार्टीका मुखपत्र वि.स. २०१७ साल पुस १ गतेदेखि बन्द गरिए" (पाण्डे, २०५५ : ४७) । त्यसैले यस अवधिमा राजनीतिक पत्रपत्रिका भन्दा पनि साहित्यिक पत्रपत्रिकाहरु बढी प्रकाशित भए । त्यतिखेर *नेपाली रुपरेखा, स्वास्नीमान्छे, साहित्य, धरती, रचना, मुकुट, सिंहनाद, बगैंचा, विहान, भानु, रत्नश्री, अरुणोदय, फूलपाती, पूर्णिमा* जस्ता साहित्यिक पत्रिकाहरु थिए । २०१७ सालदेखि २०३६ सालसम्मको अवधिमा निरंकुश पंचायती व्यवस्थाका कारण राजनीतिकभन्दा साहित्यिक पत्रपत्रिकाहरुकै बाहुल्यता कायम रह्यो । राजनीतिक विषयबस्तु समेटिएका पत्रपत्रिकाहरु पनि पंचायतको गुणगान गाउनमा मात्रै सीमित थिए ।

वि.स. २०३६ सालको जनमतसंग्रहका लागि जारी गरिएको शाही घोषणापश्चात चाहिं नेपाली पत्रकारिता नयाँ चरणमा प्रवेश गऱ्यो । छापाखाना र प्रकाशन व्यवस्था सम्बन्धी विद्यमान बन्देजात्मक ऐन कानुनहरु निष्क्रिय भए । जनमतसंग्रहको घोषणालाई प्रचार प्रसारका लागि छुट दिने व्यवस्था गरियो । 'वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७' को दफा ३ (१) मै उल्लेख गरियो, "कसैले आमसभा, जुलुस तथा प्रदर्शन गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँ र समयमा बाहेक अन्य ठाउँ र

समयमा आमसभा, जुलुस वा प्रदर्शन गर्न पाउनेछ " (प्रेस काउन्सिल नेपाल, ०४९ : १९९) ।

त्यस्तै सोही ऐनको दफा ३ (२) मा "कसैले पोस्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्दा वा भित्तामा लेख्नेजस्तो काम गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँमा बाहेक अन्य ठाउँमा टाँस्न वा लेख्ने काम गर्न पाउनेछ" ( प्रेस काउन्सिल नेपाल, ०४९ : १९९) भन्ने उल्लेख गरियो । ऐनमा व्यक्त गरिएका यस्ता प्रावधानहरुकाकारण नेपाली पत्रकारिताले केही खुला वातावरणको अनुभव गरेको थियो । त्यसैले कतिपय पत्रिकाहरुले प्रष्ट रुपमा प्रजातान्त्रिक परिवर्तनको पक्षमा वकालत गर्न थाले भने । केही पत्रिका पंचायती व्यवस्थाकै पक्षमा समेत उभिएका थिए । त्यतिखेर पंचायती व्यवस्थाका हिमायती र बहुदलीय शासन व्यवस्थाका पक्षधर प्रकाशनहरुबीच जुहारी नै चलेको थियो । "जनमत संग्रह पछि नेपालमा प्रकाशनहरु स्पष्टतः दुई रेखामा विभाजित भएका थिए । पहिलो रेखामा जो पंचायतको पक्षमा वकालत गर्दथे । दोस्रो रेखामा विभाजित बनेका प्रकाशनहरु जनमत संग्रहको समयमा खुलेर अभ्यास गर्न पाएको अवसर चुकाउन चाहँदैनथे " (बहुलवादी नेपाली समाजमा आमसञ्चार, २०५४ : ८२) ।

नेपाली पत्रकारिताले केही मात्रामा खुला वातावरणको अनुभव गरिरहेको यस समयमा प्रकाशन दर्ता गराउने होडबाजी नै चल्यो । तर, प्रकाशन दर्ता गराउनेसँगै केही अंक निकालेर बन्द गर्नेहरुको संख्या पनि उल्लेखनीय नै रह्यो । यो प्रवृत्ति २०३७ सालको जनमतसंग्रहसम्म रह्यो । जनमतसंग्रहपश्चात् पनि पत्रपत्रिकाहरु राजनीतिक रुपमा विभाजित नै देखिए । केहिले पंचायती व्यवस्थाको समर्थन गरे त केही पत्रपत्रिकाहरु यसको विरोधमा देखिए । "नेपालमा जनमत संग्रहपछि सुरु भएको सशक्त पत्रकारिताको स्वरुप केही व्यावसायिक देखिए पनि यो मिसन पत्रकारिता नै थियो ।" (पाण्डे, २०५५ : ७०) । यस अवधिमा *राष्ट्रपुकार, देशान्तर, जनसंवाद, राजधानी, माध्यम, दृष्टि, प्रकाश, छलफल, समीक्षा, पुनर्जागरण, समाज, मातृभूमि, रातो युगधारा, नेपाल टाइम्स, कमनर, प्रतिध्वनि, जन्मभूमि, विमर्श, नेपाल पोस्ट* लगायतका दैनिक तथा साप्ताहिक पत्रिकाहरु प्रकाशित थिए ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भयो । त्यतिन्जेलसम्म देशमा सरकारी लगानीमा *गोरखापत्र* र *द राइजिङ्* नेपाल प्रकाशित थिए । निजी क्षेत्रको लगानीमा ठूला आकारका दैनिक

पत्रिकाहरु प्रकाशित थिएनन् । साप्ताहिक पत्रिकाहरु भने थुप्रै थिए । ती साप्ताहिक पत्रिकाहरुको प्रमुख उद्देश्य पंचायती व्यवस्थालाई ढाली बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु थियो । यस हिसाबले पनि साप्ताहिक पत्रिकाहरुको मूख्य मिसन भनेकै प्रजातन्त्रको पुनःस्थापना गराउनु रहेको थियो ।

वि.स. २०४६ सालको जनआन्दोलनमा नेपाली पत्रकारहरुले पनि सेन्सरसिप, गिरफ्तारी, यातना र मुद्दा सहेर पनि आन्दोलनको पूर्वतयारीदेखि नै जनताको अभिमत बनाउने सक्दो प्रयास गरे । पत्रकारहरुले विदेशमा बसेर पनि नेपाली आन्दोलनबारे समाचार प्रकाशित गराएर विश्व जनमतलाई जनआन्दोलनबारे सुसूचित गराए (पाण्डे, २०५५ : ६७) ।

यस हिसाबले प्रजातन्त्रको पुनःस्थापनाका लागि ट्याब्लोइड साप्ताहिक पत्रिकाहरुको भूमिका उल्लेखनीय रहेको देखिन्छ । प्रजातन्त्रको पुनःस्थापनापश्चात नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । संविधानको धारा १३ मा छापाखाना तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरिएको थियो । संविधानमा नै प्रेस स्वतन्त्रताको प्रत्याभूति भएपश्चात पत्रिकाको प्रकाशनमा बृद्धि मात्र भएन, नाफा आर्जन गर्ने लक्ष्य लिएर समेत पत्रपत्रिकाहरु प्रकाशित हुन थाले ।

वि.स.२०४७ देखि मात्र तीस वर्षे लामो उकुसमुकुस हटेको हुँदा नेपाली बौद्धिक जमात एक्कासि जुर्मुराएको अवस्थामा राजनैतिक-आर्थिक खुलापनको व्यापक उपयोग गर्दै पत्रपत्रिकाहरु प्रकाशित हुन थाले । वि.स.२०४७ सालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई स्थापित गऱ्यो । नयाँ-नयाँ उपकरण र प्रविधि भित्रँदै गए । सीप र दक्षताको प्रयोग पत्रकारितामा हुन थाल्यो । पत्रकारितामा व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी व्यापारी वर्गको निवेश (लगानी) आकर्षित भयो । (लामिछाने, भुसाल, शर्मा २०५९ : ३२-२२)

प्रजातन्त्रको पुनःस्थापनाको दुई वर्षपछि वि.स. २०४९ सालमा *कान्तिपुर र द काठमान्डु पोष्ट*को प्रकाशन आरम्भ भयो । “यसले सरकारी नियन्त्रणका दुई दैनिक बीचको एकाधिकारलाई तोड्दै व्यवसायिक पत्रकारिताको बीउ मात्रै रोपेन, मिडियामा लगानी गर्न अरुलाई पनि बाटो देखाइदियो (गौतम र हुमागाईं, २०६१:२५) । यी दुवै पत्रिकाहरुको सफलता अरुका लागि प्रेरणादायी श्रोत बन्यो । परिणाम स्वरुप ब्रोडसिट दैनिक पत्रिकाहरु प्रकाशन गर्ने लहर चल्यो । २०५२ सालमा *हिमालय टाइम्स, लोकपत्र, आजको समाचारपत्र, एभरेष्ट हेराल्ड र श्रीसगरमाथा*

दैनिक गरी पाँच प्रकारका ब्रोडसिट दैनिकहरु बजारमा आए । यीमध्ये *आजको समाचारपत्र* अहिले *नेपाल समाचारपत्र*को नाममा प्रकाशित भइरहेको छ भने *हिमालय टाइम्स* जेनतेन चल्दैछ । बाँकी तीन ब्रोडसिट *सगरमाथा, एभरेष्ट हेराल्ड र लोकपत्र* डेढ वर्षको अन्तरालमै बन्द भए । "यी दैनिकहरु बन्द हुनु पछाडिका मुख्य कारण व्यवस्थापकीय कमजोरी र लगानीको अभाव नै थिए ( गौतम र हुमागाईं, ०६१ : २४ - ३१) ।

एकातिर ठूला लगानीका ब्रोडसिट दैनिकहरु बन्द भए । अन्य दैनिक पत्रिकाहरु प्रकाशित हुने क्रम पनि रोकिएन । २०५७ सालमा *स्पेसटाइम दैनिक* र *स्पेसटाइम* टुडेको एकसाथ प्रकाशन सुरु भयो । त्यसको पछिल्लो वर्ष *राजधानी* दैनिकको प्रकाशन सुरु भयो । यसमध्ये *स्पेसटाइम* र *स्पेसटाइम टुडे* बन्द भइसकेको छ भने *राजधानी* वर्तमानमा पनि प्रकाशित हुँदै आएको छ । त्यस्तै *दी हिमालयन टाइम्स* अंग्रेजी दैनिक र *अन्नपूर्ण पोष्ट* पनि नियमित रुपमा प्रकाशित छन् । त्यस्तै नेपाली पत्रिका बजारमा हालसालै *नागरिक* दैनिक र *रिपब्लिका* अँग्रेजी दैनिक आएका छन् । यता २०४६ अघि र २०५० को हाराहारीसम्म पनि पाठकमाझ राम्रै प्रभाव जमाएका साप्ताहिक अखबारहरुको बजार र पाठक स्वात्तै घटेको छ । उनीहरु पुरानै ढर्राबाट चलेका कारण पनि यस्तो संकट भोग्न बाध्य भएका छन् । यद्यपि आफ्नो अस्तित्व नै संकटमा पर्ने देखेपश्चात कतिपय साप्ताहिक पत्रिकाहरुले व्यावसायिकता र प्रविधि सुहाउँदो हिसाबले आफूलाई परिमार्जन गर्न पनि थालेका छन् । *दृष्टि, देशान्तर र विमर्श* जस्ता साप्ताहिक पत्रिकाहरु रंगीन कलेवरमा प्रकाशित हुनुलाई पनि त्यही संकेतको रुपमा लिन सकिन्छ ।

म्यागेजिन पत्रकारिताको क्षेत्रमा पनि अहिले आएर ठूलो परिवर्तन भइसकेको छ । यतिखेर हिमाल, नेपाल लगायतका विश्लेषणात्मक म्यागेजिनहरु प्रकाशित भइरहेका छन् । अंग्रेजीमा पनि *स्पटलाइट* प्रकाशित छ भने साप्ताहिक रुपमा अंग्रेजीमा प्रकाशित हुँदै आएको अंग्रेजी म्यागेजिन *नेशन* चाहिं हाल बन्द भइसकेको छ । "प्रेस काउन्सिलको अभिलेखअनुसार आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म समाचारमूलक पत्रपत्रिकाको कूल दर्ता संख्या २१८१ पुगेको छ । यसमध्ये दैनिक पत्रिकाको संख्या ३०७, अर्ध साप्ताहिक २१, साप्ताहिक १५५९ र पाक्षिक २९४ वटा रहेका छन् (प्रेस काउन्सिल नेपाल, २०६२ : ७१ - ७२) ।

## १.२ ट्याब्लोइड साप्ताहिक र राजनीतिक पत्रकारिताको उदय

नेपाली पत्रकारिताको सतक लामो इतिहासको प्रारम्भ साप्ताहिक पत्रिकाबाटै शुरु भएको हो । तिनका साइज भने आजको ट्याब्लोइड साप्ताहिकको जत्रै ठ्याक्कै थियो भन्न सकिन्न किनभने भिन्न भिन्न रुप र आकारप्रकारमा यसविचमा पत्रपत्रिकाको रुपमा निस्किए । वि.स.१९५८ सालमा प्रकाशित *गोर्खापत्र* नै नेपालबाट नेपाली भाषामा प्रकाशित पहिलो साप्ताहिक पत्रिका हो । प्रथम पटक प्रकाशित साप्ताहिक *गोर्खापत्र*लाई आधार मान्ने हो भने नेपाली साप्ताहिक पत्रिकाले एक सय आठ वर्षको गौरवशाली इतिहास पार गरिसकेको छ । "*गोरखापत्र*मा सरकारी लगानी रहेतापनि निजीस्तरबाट प्रकाशित पहिलो साप्ताहिक भने *युगवाणी* थियो, जुन *गोरखापत्र* प्रकाशन शुरु भएको आधा शताब्दि पश्चात अर्थात वि.स. २००४ माघ १३ गते प्रकाशन शुरु भएको थियो" (कार्की ०६० : २४ - २५) ।

राणाशासनको विरुद्धमा जनचेतना जागृत गराउने उद्देश्यले प्रवासी नेपालीहरुद्वारा बनारसबाट यो पत्रिका प्रकाशित गरिएको थियो । *युगवाणी*को प्रकाशन पश्चात भारतको कलकत्ता, बनारस, दार्जिलिङ आदि ठाउँबाट *गोर्खाली, राजभक्ति, गोर्खा संसार, तरुण गोर्खा, नेपाल पुकार* लगायतका पत्रिका प्रकाशित भएका थिए । *गोर्खापत्र* पछि नेपालबाटै हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा पहिलो पटक नेपालबाट नेपाली भाषामा *जागरण* साप्ताहिक प्रकाशित भयो ।

२००७ र २०१७ को अवधिमा विभिन्न राजनैतिक दल र अन्य संस्थाहरुले प्रजाान्त्रिक हक र अधिकारहरुको सदुपयोग गर्दै पत्रपत्रिका संचालन गर्न पुगे । यो अवधिभित्र जम्मा ३५ वटा साप्ताहिक पत्रिकाहरु दर्ता भए । यी मध्ये *नेपालपुकार, राष्ट्रवाणी, प्रकाश, जनवाणी, नवयुग, जनमत* इत्यादि पत्रिकाहरुले विभिन्न राजनैतिक दल र तिनीहरुका विचारको प्रतिनिधित्व गर्दथे । यसै समय *तरंग, नेपाल बजेट, नवनेपाल, झिल्को, सही रस्ता, हलचल, मसला, जनमत* आदि साप्ताहिक पत्रिका प्रकाशित भए । यसै वीचमा हिन्दी भाषामा समेत साप्ताहिक पत्रपत्रिकाहरु प्रकाशित भएका थिए ।

हिन्दी पत्रिकाहरुमा २००८ साल श्रावण १५ गते श्री भोजबहादुर सिंह न्यौपानेको सम्पादनमा *तरंग* साप्ताहिक प्रकाशित भयो । यसले आफ्नो जीवनकालमा सरकारको आलोचना गरी जनतामा राजनैतिक चेतना दिलाउन निक्कै अग्रसर भयो । यस पत्रिकामा विरोधी पार्टी र

विचारहरुले पनि स्थान पाउने गरेको थियो । यो पत्रिका वर्ष एक संख्या १८ भन्दा पछि देखा पर्न छाड्यो (देवकोटा, २०५९ : ३७) ।

प्रजातन्त्रको खुल्ला वातावरण भएकोले २००७ देखि २०१७ सालको अवधिमा धेरै पत्रपत्रिकाहरु प्रकाशित भए । त्यसमध्ये धेरैजस्तो साप्ताहिक पत्रिकाहरु नै थिए । कमजोर लगानीमा प्रकाशित हुने यी पत्रिकाहरुले आर्थिक समस्याका कारण निरन्तरता पाउन कठिनाई भोग्नु पर्‍यो । त्यसैले पनि यसबीचमा साप्ताहिक पत्रिकाहरु प्रकाशित हुने र बन्द हुने क्रम चलिरह्यो । त्यसबेला प्रकाशित भएकामध्ये कतिपय साप्ताहिक पत्रिकाहरु उल्लेखनीय छन् । संसदीय व्यवस्थाको स्थापना भएका बखत वि.स. २०१७ साल बैशाख ३० गते मदनमणि दीक्षितको सम्पादनमा प्रकाशित भएको *समीक्षा* साप्ताहिक यस्तै मध्येको एक हो । यसले अख्तियार गरेका नीति र समाचार शैली पनि त्यतिखेरका अन्य साप्ताहिक पत्रिकाको भन्दा फरक रहेको पाइन्छ ।

यस पत्रिकामा समाचारलाई समीक्षात्मक रुपबाट प्रस्तुत गर्नु, सहयोगीको विचार शीर्षक निकाल्नु, व्यक्तित्वको खोजी शीर्षकमा प्रमुख व्यक्तित्वहरुको मूल्यांकनमा आधारित भएर परिचय दिनु, इतिहासको पाना स्तम्भ र समसामयिक चर्चा स्तम्भ आदि प्रकारको नयाँ-नयाँ शीर्षक र स्तम्भ निकाल्ने गरेको पाइन्छ, जो यसभन्दा अगाडिका अन्य पत्रिकाहरुमा देखा पर्ने गरेको थिएन । यस पत्रिकाको लेखनशैलीमा पनि एउटा नयाँपन पाइन्छ । जसले गर्दा यसको नीतिभन्दा स्तर उठेको छ भन्नुपर्छ (देवकोटा, ०५९ : ३८) ।

त्यतिखेरका साप्ताहिक पत्रिकाहरुको उद्देश्य राजनीतिक चेतना जागृत गराउनु रहेको थियो । *समीक्षा* साप्ताहिकले पनि आफ्ना पहिलो सम्पादकीयमा “जनमत संगठित गर्न र जनताको राजनैतिक चेतनालाई माथि उठाउन” (देवकोटा, ०५९ : ११७) पत्रिका प्रकाशित गरिएको चिज उल्लेख गरेको थियो । त्यतिखेर विभिन्न राजनीतिक दल र तिनका वर्गीय संगठनहरुले पनि आ-आफ्नै मुखपत्र प्रकाशित गर्न थाले । “२००७ सालको परिवर्तनपश्चात जुन किसिमबाट नेपालमा राजनैतिक संस्थाहरुको जन्म भयो, त्यस्तै किसिमबाट ती संस्थाहरुले आफ्नो मुखपत्रको रुपमा अथवा आफूले आवश्यक आर्थिक सहायता र निर्देशन दिई सर्वसाधारणको सामुन्ने स्वतन्त्र रुपमा वा मुखपत्र समेत नभनी आफूद्वारा पूर्ण संचालनमा विभिन्न पत्रिकाहरु प्रकाशनमा ल्याइए ।” (

देवकोटा, ०५९ : ९४) । अन्य कतिपय पत्रिकाहरु पनि राजनैतिक दल र संगठनकै सहयोगबाट संचालित थिए ।

२००७ सालदेखि २०१७ साल मार्ग मसान्तसम्म देखा परेका पत्रपत्रिकाहरुमध्ये धेरैजसो विभिन्न राजनैतिक संगठनहरुको प्रेरणा, सहयोग, सञ्चालन तथा मुखपत्रकै रुपमा जन्माइएका र जन्मिएका हुन् । पछि गएर जसरी राजनैतिक संस्थाहरु दुर्बल भई त्यसको गतिविधिमा शिथिलता आयो, त्यसरी नै निस्केका पत्रपत्रिकाहरु पनि शिथिल भई देखा पर्न छोड्दै गए (देवकोटा, ०५९ : १६१) ।

साप्ताहिक पत्रिकाहरुको प्रकाशन बढिरहेको स्थितिमा वि.स. २०१७ सालमा प्रजातन्त्रको अन्त्य भयो र मुलुकमा दलबिहीन पंचायती व्यवस्थाको उदय भयो । २०१७ सालको शाही 'कू' पश्चात त आर्थिक समस्या भोगिरहेका यी साप्ताहिकहरुले अनावश्यक रुपमा प्रशासनिक हस्तक्षेप समेतको कोपभाजन सहनुपर्‍यो । कठोर प्रेस कानुन पूर्व धेरै साप्ताहिक पत्रिकाहरु टिक्न सकेनन् । "जुन किसिमबाट राजनैतिक संस्थाहरु उदाए र अस्ताए त्यस्तै किसिमबाट ती पत्रिकाहरु पनि प्रकाशित भएर बन्द भए । त्यसमध्ये जति पत्रिकाहरु जीवित थिए, २०१७ सालको परिवर्तनद्वारा राजनैतिक संस्थाहरु अवैध गराइए पश्चात ती पत्रिकाहरु पनि स्वतः बन्द भए ।"

यद्यपि नयाँ साप्ताहिक पत्रिकाहरु दर्ता हुने क्रम भने रोकिएको थिएन । बरु, राजनीतिक दलहरुले राजनैतिक संस्थाहरुको प्रचार साधनका लागि नयाँ-नयाँ पत्रिकाहरु प्रकाशित गरे । *नेपाल पुकार, नव नेपाल, नेपाल टुडे, आलोक, नेपाल सन्देश, राष्ट्रिय प्रजा सन्देश, राष्ट्रवाणी, नयाँ बाटो, प्रकाश, इन्साफ, जनवाणी, लोकवार्ता, संयुक्त प्रयास, जनप्रयास, नवयुग, मशाल, जनमत, राँको, कर्मवीर, नयाँ मोड, जनमित्र, महिला, प्रतिभा, नेपाल जनहित, राष्ट्रदूत, देशसेवा, स्वतन्त्र समाचार*जस्ता पत्रिकाहरु कुनै न कुनै पार्टी तथा वर्गीय संगठनबाट संचालित थिए । फलस्वरुप वि.स. २०२२ सालसम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरुको संख्या लगभग सयको हाराहारीमा पुग्यो । "वि.स. २०१७ सालपश्चात नेपाली पत्रकारिताको स्थितिमा आमूल परिवर्तन आयो भन्नेमा अतियुक्ति नहोला" (पाण्डे, २०५५: ४५) । यसरी प्रकाशित भएका पत्रिकाहरुमध्ये कतिपय सत्ताको गुणगान गाउनमा व्यस्त भए । कतिले चाहिं प्रजातन्त्रका लागि संघर्ष गर्दै अघि बढे । जे होस्, साप्ताहिक पत्रिकाहरु राजनीतिक प्रभावबाट मुक्त हुन सकेनन् ।

नेपालमा संसदीय व्यवस्था भंग भई पञ्चायती व्यवस्थाको शुरुको समयमा २०१८ साल श्रावण १८ गतेदेखि श्री रमेशनाथ पाण्डेको सम्पादनमा निस्कन थालेको नेपाली भाषाको *नयाँ सन्देश* साप्ताहिक पल्टाउने हो भने यो जन्मिनुको कारण नै कम्युनिस्ट नीतिको विरोध गर्नु भन्ने देखिन्छ (देवकोटा, ०५९ : ३८ - ३९) ।

कतिपय पत्रपत्रिकाहरु चाहिँ शुरुमा सरकारको आलोचक भए पनि पछि गएर सहयोगी बनेका पनि देखिन्छन् । अर्थात्, शुरुमा सरकारी कामकारवाहीका आलोचना गर्ने साप्ताहिकले पछि गएर सरकारले गरेका खराब कार्यहरुको समेत ढाकछोप गर्ने गरेका थिए । नयाँ समाज साप्ताहिकलाई यही रुपमा लिन सकिन्छ ।

२०१९ साल आषाढ १३ गतेदेखि श्री शिवहरसिंह प्रधानको सम्पादनमा निस्केको हिन्दी भाषाको *नयाँ समाज* साप्ताहिक हेर्ने हो भने यसले आफ्नो जीवनयात्रामा श्री ५ को सरकारमा बसेका मन्त्रीहरुले गरेका खराब कार्यको आलोचना गर्ने र पछि त्यसलाई ढाकछोप गर्ने गरेको पनि देखिन्छ । सही रुपमा मन्त्रीहरुबाट भए गरेका खराबी जनसमक्ष ल्याउनमा यो चुकेन, चाहे मन्त्रीहरु सत्तामा रहेको अवस्था अथवा सत्ताबाट बाहिर निस्किसकेपछि नै किन नहोस् । साथै अरुलाई गाली गर्नमा पनि यो पछि हट्ने आदतको थिएन (देवकोटा, ०५९ : ३९) ।

पञ्चायती व्यवस्थाको कठोरतासँगै पत्रिका प्रकाशनमा पनि नियन्त्रण गरियो । २०१७ साल पुष १ गतेको घटनापश्चात नेपालको पत्रकारिता एकैसाथ कानुनी बन्देज र प्रशासनिक निगरानीमा पऱ्यो । प्रेस स्वतन्त्रता कुण्ठित भयो । कतिपय पत्रिकाहरु कारवाहीमा परे । यसरी कारवाहीमा पर्नेहरुमा *नयाँ सन्देश, नयाँ समाज, मातृभूमि, लुम्बिनी, हुरी, हिमदूत* लगायतका पत्रिकाहरु थिएन । प्रशासनिक बाधा र आर्थिक संकटले गर्दा केही साप्ताहिक पत्रिकाका प्रकाशन बन्द भए । जे होस्, पंचायतकालका मूल धारका मिडियाहरु साप्ताहिक अखबारहरु नै थिए । ती ट्याब्लोइड थिए । "त्यतिखेर मुख्यतः पंचायतविरोधी, पंचायतवादी र पंचायती व्यवस्थालाई सुधार गर्दै लैजानुपर्ने विचार राख्ने तीन प्रकारका अखबारहरु निस्कन्थे । राजनीतिक कार्यकर्ता, साहित्यकार र व्यवस्थाविरोधी युवाहरुको बाहुल्य थियो, त्यस बखतको पत्रकारितामा (गौतम र हुमागाई, ०६१ : २८) ।

वि.स. २०२२ देखि वि.स.२०३६ सम्म आइपुग्दा साप्ताहिक पत्रिकाहरुको संख्यात्मक बृद्धि त्यति धेरै नभएता पनि वि.स २०३६ सालको ऐतिहासिक जनमत संग्रहताका नेपाली प्रेसले फड्को मार्‍यो । सामाजिक चेतना र प्रेस कानुनमा भए गरेका सुधारका कारण नेपाली समाजमा स्वतन्त्र र व्यवसायिक पत्रकारिताको शुरुवात हुन पुग्यो । साप्ताहिक पत्रिकाहरुको प्रकाशन पनि फस्टायो ।

यो समय साप्ताहिक पत्रिकाहरुले तीन वर्गको प्रतिनिधित्व गर्दथे । पहिलो - पञ्चायती व्यवस्थाको समर्थन, दोस्रो - प्रजातान्त्रिक विचारको सम्मान र तेस्रो - कम्युनिस्ट विचारधाराको प्रचार । यद्यपि यी विचारधाराहरुभित्र पनि प्रशस्त अन्तरविरोध र अवसरवादले पत्रकारितालाई गाँजेको थियो । तर यो समयलाई साप्ताहिक पत्रिकाहरुको लागि स्वर्णकाल पनि भनिन्छ । *विमर्श, छलफल, दृष्टि, नेपालीपत्र, राष्ट्रपुकार, पुनर्जागरण* इत्यादि पत्रिका यो समयका उल्लेखनीय साप्ताहिक पत्रिकाका रुपमा लिइन्छ ।" (कार्की, २०६० : २४ - २५)

२०३६ साल जेठमा जनमतसंग्रह गराउने घोषणा हुँदासम्मको स्थितिमा जनचेतना पुर्‍याउन जे जति भूमिका नेपाली प्रेसले खेल्यो, त्यसमा साप्ताहिक अखबारहरुको योगदान उल्लेखनीय रहेको छ । नेपाली पाठकहरुको बीचमा *मातृभूमि, समीक्षा, राष्ट्रपुकार* जस्ता साप्ताहिक अखबारहरुको प्रभाव र पहुँच निकै टडकारो प्रकारको थियो ।

जनमतसंग्रहको घोषणापश्चात नेपाली पत्रकारिता जगत्मा स्पष्टतः दुईवटा राजनीतिक धार देखापरे । यी दुई धारमध्ये एउटा धार पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षमा थियो । अर्को धार क्रमिक प्रजातान्त्रिक सुधारको पक्षमा । यी दुवै धारमध्ये पूर्ण प्रजातान्त्रिक परिवर्तनको पक्षधरको पत्रिकाको रुपमा स्थापित थियो - *राष्ट्रपुकार* । *राष्ट्रपुकार* स्पष्टतः नेपाली कांग्रेस पक्षधर पत्रिका थियो । *राष्ट्रपुकार*ले आफ्नो स्थापनाकालदेखि नै प्रजातन्त्रको पक्षमा आफूलाई उभ्याउँदै आएकाले पत्रिका लगातार सरकारको बक्रदृष्टिमा रह्यो । जनमतसंग्रहको घोषणापश्चात क्रमिक रुपमा प्रजातान्त्रिक सुधारको पक्षमा देखा परेको प्रकाशन थियो - *साप्ताहिक विमर्श* । *साप्ताहिक विमर्श* जनमतसंग्रहको वर्षभरि नै सुधारिएको पंचायतका पक्षमा देखापर्‍यो । (नेपाल, २०५७ : १०)

वि.स.२०३७ सालमा सम्पन्न भएको जनमतसंग्रहको नतिजा पंचायतको पक्षमा गएता पनि नेपाली पत्रकारिता संकुचित भएर बसेन । त्यसबखतका साप्ताहिक छापाहरुले नागरिकहरुको

राजनीतिक चेतना उठाउन अथक प्रयास गरे । पत्रकारितालाई नाफा कमाउने व्यापारभन्दा पनि राजनीतिक र सामाजिक सुधारको संवाहक वस्तुको रुपमा तुल्याउन त्यस बखतका सम्पादकहरु दिलोज्यानले लागिपरेका थिए । वि.स.०३६- वि.स.०४६ को दशक पनि निजी क्षेत्रका ट्याब्लोइड साप्ताहिकहरुकै भूमिकाको अर्थपूर्ण मान्यता रह्यो । "सत्याग्रहपछि संस्थागत रुपले प्रकाशित हुन थालेको *देशान्तर साप्ताहिक*ले पत्रकारितामा अझ नयाँपन दियो (पाण्डे, २०५५ : ७४)। त्यतिखेरका साप्ताहिकहरुको मिशन नै थियो, पंचायती व्यवस्थाको अन्त्य गर्ने ।

*प्रकाश, छलफल* र *दृष्टि* साप्ताहिकले 'मिसन जर्नालिज्म' गर्दै त्यतिबेलाको कम्युनिष्ट आन्दोलनलाई नयाँ चरणमा प्रवेश गराए । नेकपा मालेको भूमिगत नेतृत्वलाई *दृष्टि* साप्ताहिकले निरन्तर रुपमा प्रतिनिधित्व गर्‍यो । तिनवटै पत्रिकाका सम्पादक रहनुभएका पत्रकार रघु पन्तले त्यसबेला 'पत्रकारिताले बल र शक्तिमा विश्वास गर्ने शक्ति विरुद्ध विचारको लडाइँ लडेका थियौं' भन्ने दृष्टिकोण राख्नुहुन्छ (पाण्डे, २०५५ : ७५) ।

यसरी साप्ताहिक पत्रिकाहरुले विचारको लडाइँ लडेकै कारण वि.स.२०३६ सालको जनमतसंग्रहदेखि साप्ताहिक पत्रिकाहरुको प्रतिष्ठा पनि जनमानसमा बढ्दै गयो । त्यतिखेर साप्ताहिक पत्रिकाहरुले गरेको संघर्ष विशेष उल्लेखनीय छ । "साप्ताहिक पत्रिकाहरुले पनि संघर्षमय भई जनआस्था संगालेका हुन् । सरकारी प्रशासन भने भरसक थिचोमिचोतर्फ नै कायम थियो भन्न सकिन्छ" (शर्मा, २०५९ : ६) ।

वि.स.२०३६- वि.स.२०४६ बीचको अवधिको नेपाली पत्रकारिताको मूलधार पनि साप्ताहिक पत्रपत्रिकाले नै हाँकेका थिए । यस अवधिमा नेपाली पत्रकारिता राजधानी र मोफसल दुवै तिर विस्तारित भयो । राजनीतिक स्वतन्त्रता, प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताका पक्षमा नागरिक चेतना अभिबृद्धि गर्ने र त्यसका निम्ति संचालित प्रजातान्त्रिक राजनीतिक आन्दोलनमा पनि प्रत्यक्ष सहभागी रहेको देखिन्छ । देशको राजनीतिक स्थिति जति नियन्त्रणात्मक भएतापनि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा घटेका घटनाहरुदेखि लिएर नागरिक अधिकारका पक्षमा सूचना र विचार प्रवाह गर्दै जाने, कानुनी व्यवधान र सरकारी दमनलाई झेल्दै पेशागत धर्म निर्वाह गर्ने प्रवृत्ति यो

बेलाको पत्रकारितामा निहित रहेको पाइन्छ । यो कालखण्डलाई नेपाली प्रेसको संक्रमणकाल पनि भन्न सकिन्छ (घिमिरे, ०६१ : २९) ।

वि.स. २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहाली भयो । "प्रजातन्त्रको पुनर्बहालीसँगै नेपाली प्रेस पनि स्वतन्त्र भयो । २०४७ साल कार्तिकमा जारी भएको संविधानले प्रेस स्वतन्त्रतालाई संस्थागत गराइदियो " (अधिकारी, ०५९ : ४) । अर्कोतिर पुनःस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सूत्रपातसँगै नेपाली साप्ताहिक पत्रिकाहरुको आरोह र अवरोह पनि एकैपटक शुरु भयो । केही साप्ताहिक पत्रिकाहरुले छोटो समयमा चर्चाको शिखर चुम्न सफल भएता पनि प्रजातान्त्रिक आन्दोलनमा सक्रिय योगदान पुऱ्याउने अधिकांश साप्ताहिक पत्रिकाहरु बन्द हुन पुगे । नेपाली समाजमा खुला आर्थिक नीति अबलम्बन गरिएपश्चात संचारक्षेत्र पनि पूर्णतः व्यवसायतर्फ उन्मुख भयो ।

प्रजातन्त्रको पुनःस्थापनापश्चात् शुरुका वर्षहरुमा नेपाली प्रेसभित्र ठूलो लगानी भित्रिन थाल्यो । ठूला आकार कलेवरमा प्रकाशित दैनिक पत्रिकाहरुले उही पुरातन शैली र विचारका साप्ताहिक पत्रिकाहरुलाई एकैपटक विस्थापित गराइदिए । यता साप्ताहिक पत्रिकाहरुमा भने संस्थागत लगानी गर्ने वातावरण बनिसकेको छैन । साप्ताहिक पत्रिकाहरुको संख्यात्मक रुपमा बृद्धि भएता पनि यसको व्यावसायिकतामा भने उल्लेखनीय सुधार हुन सकेको छैन । संख्यात्मक रुपमा ठूलो संख्यामा साप्ताहिक पत्रिकाहरु दर्ता भएता पनि नियमित रुपमा प्रकाशित हुने साप्ताहिक पत्रिकाहरुको संख्या भने अपेक्षाकृत थोरै नै छ । प्रेस काउन्सिलको तिसौं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०६१।०६२ को अन्त्यसम्म १ हजार ५ सय ५९ वटा साप्ताहिक पत्रिका दर्ता भएता पनि काठमाडौं उपत्यकाबाट एक सय २८ र मोफसलबाट १ सय ६६ वटा साप्ताहिक पत्रिका मात्रै नियमित रुपमा प्रकाशित भएरहेका छन् ।

साप्ताहिक पत्रिकाहरुको यति धेरै संख्या भएता पनि तिनीहरु अझै पनि व्यावसायिक बन्न सकेका छैनन् । कुनै न कुनै राजनीतिक दल र ती दलभित्रका पनि कुनै खास गुट-उपगुटका समाचारहरुलाई बढी प्राथमिकता दिने भएकोले पनि साप्ताहिक पत्रिकाहरु आरोपमुक्त हुन सकिरहेका छैनन् । कतिपय साप्ताहिक पत्रिकाहरुको त समाचार शीर्षकबाटै राजनीतिक झुकाव झल्किएको पाइन्छ ।

केही साप्ताहिक समाचारपत्रका शीर्षकहरु अध्ययन गर्दा तिनले पाठकवर्गहरुलाई राजनैतिक छाप दिन खोजेको पाइन्छ भने कतिपय साप्ताहिक अखबारका समाचारहरुका हरफहरु त कपोलकल्पित, भ्रामक र प्रचारमुखी बनी पाठकप्रति गैरजिम्मेवार बनिरहेका छन् । समाचारका शीर्षकबाट नै एकपक्षीय झुकाव व्यक्त भएको स्पष्ट हुन्छ । यिनमा शीर्षकको तुलनामा बस्तुगत दृष्टिकोण फरक रहेको मान्न सकिन्छ । समाचार शीर्षकहरुले राजनैतिक पार्टीको उद्देश्य पूरा गर्ने किसिमका समाचार प्रवाह गरिरहेका छन् । यो प्रवृत्ति नहटेसम्म पत्रकारिताको स्तरप्रति पाठकहरुको शंका गर्ने ठाउँ रहिरहन्छ । त्यसैले यो स्थितिको अन्त्य गरी पत्रकारितालाई पार्टीगत राजनीतिभन्दा माथि राख्नु आजको आवश्यकता हो (खनाल, ०५६ : ९) ।

यसरी राजनीतिक दलहरुले आ-आफ्नो मुखपत्र किसिमका अखबारहरु प्रकाशित गरी आफ्ना विचार, नीति, कार्यक्रम तथा राजनीतिक गतिविधिहरु अघि बढाइरहेका छन् । यस कार्यमा साप्ताहिक पत्रिका र त्यसमा कार्यरत पत्रकारहरु प्रयोग भइरहेका छन् । साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरु विशेष गरी सम्पादकहरुको *स्कुलिङ्*ले प्रभाव पारिरहेको छ ।

## १.३ समस्या कथन

मूलभूत रुपमा बजारमा अनेक खालका राजनैतिक विचारलाई प्रर्वधन गर्ने खालका पत्रपत्रिका देख्न/पढ्न पाइन्छन् । केहि पत्रिकाको नामैले समेत पत्रिकाको आस्था र आश्रयबारे अनुमान लगाउन सकिन्छ । बजारमा उपलब्ध 'ट्याब्लोइड' साप्ताहिकहरु मध्ये प्रायः सबैजसो पत्रिकाहरुले वर्तमानमा पनि राजनैतिक विषयबस्तुलाई नै प्राथमिकता दिने गरेका छन् । यसो हुनुको प्रमुख कारणमध्ये साप्ताहिक पत्रिकाहरुले व्यवसायिक पत्रकारितालाई भन्दा प्रचारतन्त्रतर्फ जोड दिनु हो । आफ्नो पार्टी या संगठनलाई जसरी होस् , ठूलो गराउने या पार्टीका कमजोरी लुकाउने प्रयास हो । वि.स.२००७ पुर्वको निरंकुश व्यवस्थाको कुरो बेग्लै हो । वि.स.२०१७ पछिको निरंकुश दिनहरुको कुरो फरक हो । तर वि.स.२०४६ पछिको राजनैतिक परिवर्तनपश्चात खुला, उदार र स्वतन्त्र व्यवस्थामा कोही कुनै सम्पन्न जमातको निर्दिष्ट स्वार्थपूर्ति गर्ने काममा संचारमाध्यमको दुस्प्रचार हुनु के ठिक कदम हो ? समाचारका नाममा 'प्रोपागान्डाकारिता' भएको कति सत्य हो ?

वि.स.२०४६ पश्चात विशेष गरेर ट्याब्लोइड साप्ताहिकहरु अझ बढि पार्टीगत प्रचार (Party based propaganda) मा विभाजित भए । *देशान्तर* र *विमर्श*जस्ता पत्रिकाहरु नेपाली

कांग्रेस निकट र *छलफल, दृष्टि, बुधबार* लगायतका पत्रिकाहरु एमाले निकट भएर प्रकाशित हुने गरेका छन् । त्यस्तै गरी *जनादेश, महिमा र जनभावना* माओवादी निकट भएर प्रकाशित हुने गरेका

छन् । यिनका अतिरिक्त अन्य पत्रिकाहरु विद्यमान छन् । साप्ताहिक रुपमा प्रकाशित भएका अन्य नयाँ पत्रिकाहरु कुनै न कुनै दल निकट भएर प्रकाशित भए । केही साप्ताहिक पत्रिकाहरु व्यवसायिक रुपमा अघि बढेता पनि अधिकांश दल नजिक रहेर चले । त्यसैले साप्ताहिक ट्याब्लोइड साप्ताहिकले कुनै दल विशेषको पृष्ठपोषण गर्ने कामलाई छोडेनन् ।

अभिव्यक्त गरिन्छ नै कि साप्ताहिक ट्याब्लोइडहरु कुनै खास विशेष पार्टी वा संगठनको 'मिसन' सँग सरोकार राख्छन् । पत्रिकाहरु सत्य, तथ्य भन्दा पनि आफ्नो पार्टी या वर्गको हित अनुकूल सत्यको विचार निर्धारण गर्छन् । ट्याब्लोइड साप्ताहिक पत्रिकाहरु निष्पक्ष छैनन भन्ने आरोप छ । आरोपहरु अध्ययन अनुसन्धान भन्दा पनि व्यक्तिगत आस्थाका आधारमा र हचुवाको भरमा गरिदै आएकोले के साँच्चिकै ट्याब्लोइड साप्ताहिकहरुले व्यवसायिक धर्म छोडेर प्रोपागान्डाकारिता गरेकै हुन त ? यस्तो स्थितिमा,

- के ट्याब्लोइड साप्ताहिकहरुले व्यवसायिक धर्म निर्वाह गरिरहेका छन् त ?
- ट्याब्लोइड पत्रिकाहरु सत्य, तथ्य समाचार थाहा पाउनका लागी पढिन्छ कि पढिन्न ?
- यी पत्रिकाहरुका पाठक को हुन् ? कार्यकर्ता वा आम जनता ?

## १.४ अध्ययनका उद्देश्यहरु

अध्ययनका उद्देश्यहरु यस प्रकारका छन् :

- ट्याब्लोइड साप्ताहिक पत्रपत्रिकाको व्यवसायिक निष्पक्षता ।
- ट्याब्लोइड साप्ताहिक प्रति आम पाठकको धारणा
- ट्याब्लोइड साप्ताहिक प्रति संचारकर्मीहरुको धारणा ।
- ट्याब्लोइड साप्ताहिक प्रति आमसंचारका विद्यार्थीको धारणा ।

## १.५ अध्ययनको महत्व

यो अध्ययनले ट्याब्लोइड साप्ताहिक पत्रिकाको व्यवसायिक धर्मका बारेमा गहिरो अध्ययन गर्नेछ । साथै यिनीद्वारा हुने भनिएको प्रोपागान्डाकारिताको यथार्थता जान्न प्रयास गरिनेछ । त्यसक्रममा खासगरी पत्रकारिताका विद्यार्थीहरुसँग पनि अन्तर्वार्ता गरिने भएकाले, त्यसबाट यथार्थ पहिल्याउन केही सहजता उत्पन्न हुनेछ ।

यो अध्ययनक्रमको निचोडले आमसंचारमा कार्यरत पत्रकारहरु, मिडिया, विशेषज्ञ र विज्ञहरुलाई समेत फाइदा पुग्ने देखिन्छ । आखिर साप्ताहिक ट्याब्लोइडहरुको पूर्वाग्रह र निष्पक्षताको सानो जाँच हो यो अधययन ।

## १.६ अध्ययनको सीमा

यो अध्ययनमा काठमाडौं उपत्यकाबाट प्रकाशित हुने तिन वटा ट्याब्लोइड साप्ताहिक पत्रिका समावेश गरियो । उपत्यकाबाट प्रकाशित सबै र मोफसलबाट समेत प्रकाशित हुने पत्रिकाहरुलाई समावेश गर्न नसकिएकोले यो अध्ययनले समग्र नेपाली पत्रकारिता क्षेत्रको तथा नेपालका सबै ट्याब्लोइड पत्रिकाहरुको वैचारिक स्थितिको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

सवर्त्रेक्षणमा आधारित भएकोले यस अनुसन्धानबाट आएका परिणामहरु पूर्णत सही नै हुन्छन् भन्न सकिने अवस्था छैन । आखिर कतिपय अवस्थामा मानवीय स्वभावका कारण उत्तरदाताहरुले सही जवाफ नदिएको पनि हुन सक्छन् । यसले अनुसन्धानका परिणामलाई प्रभावित गरेको हुन्छ । जे होस्, अध्ययनमा सामेल गरिएका तिनवटा पत्रिकाहरुको विषयवस्तुको विश्लेषण र विशेषज्ञ, विज्ञ र पाठकहरुको छलफल पश्चातको परिणामले ट्याब्लोइड साप्ताहिकको निष्पक्षता र व्यवसायिकताको स्थिति छर्लङ्ग पार्नेछ भन्ने कुरामा विश्वास लिइएको छ ।

## १.७ शोधको संगठन

यस अध्ययनलाई आठ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमि राखिएको छ । यस शीर्षक अन्तर्गत नेपालमा पत्रकारिताको विकासक्रम, ट्याब्लोइड साप्ताहिक पत्रिका र राजनैतिक पत्रकारिताको उदय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा अध्ययनको सीमालाई समावेश गरिएको छ । दोस्रो अध्ययनमा सन्दर्भ सामग्रीको पुनरावलोकन र तेस्रो अध्ययनमा चाहिँ अध्ययन विधिलाई राखिएको छ । यसैगरी अध्याय चारमा पुनरावलोकन र

विश्लेषण गरिएको छ । यस अन्तर्गत पुनरावलोकन, प्रोपागान्डाबारे जानकारी, प्रोपागाण्डा र वस्तुनिष्ठता, छापामा प्रोपागाण्डा, ट्याब्लोइड र ब्रोडसिटमा भिन्नता, टयाब्लोइडः सकारात्मक र नकारात्मक पक्ष तथा सैद्धान्तिक पक्ष उप शीर्षक सामग्री छन् ।

अध्याय पाँचमा सर्वेक्षणको परिणाम प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय छ मा विषयवस्तुको विश्लेषण राखिएको छ । यस पद्धतिबाट जनादेश, देशान्तर बुधवार पत्रिकाको विषयवस्तु विश्लेषण गरिएको छ । साथै यसको अन्त्यमा समग्रमा विषयवस्तुको विश्लेषण प्रस्तुत गरिएको छ । अध्याय सातमा निष्कर्ष र सुझाव छन् । अध्याय आठमा सन्दर्भ सामग्रीहरु छन् । अन्त्यमा अनुसूची संलग्न छ, जसमा सर्भेका क्रममा भरिएका प्रश्नावलीको नमूना छ ।

# अध्याय - २

## २. सन्दर्भ सामाग्रीको पुनरावलोकन **(Literature Reivew)**

विरलै ट्याब्लोइड साप्ताहिक पत्रिकाहरुको व्यवसायिकता र निष्पक्षताका बारेमा कतै लेखिएको वा अध्ययन भएको छ । यससम्वन्धि थोरै परिमाणमा अध्ययन भएका छन् । गोष्ठीहरुमा कार्यपत्रहरु पनि प्रस्तुत भएका छन् । पत्रकारिता तथा आमसञ्चार सम्बन्धि पुस्तकहरुमा पनि वस्तुगत रुपमा केहि मन्थनहरु भएका छन् । तर यो विषयमा वास्तविक अध्ययन भएको पाइदैन । यता पत्रकार, सचेत नागरिक र संचारविज्ञहरुवीच कहिलेकाँहि यसवीचमा परामर्श र चर्चा हुने गरेको छ । पत्रिकामा कार्यरत पत्रकारहरु कुनै न कुनै दलनिकट रहेको तथ्य स्विकार गर्नुले पनि यो विषयलाई थप बल पुगेको छ ।

ट्याब्लोइड साप्ताहिकको चर्चा गर्ने हो भने, यसको भूमिका जहिले पनि राजनैतिक परिवर्तनमा उल्लेखनीय भूमिका रह्यो । चाहे वि.स.२०४६ को राजनैतिक परिवर्तनमा होस् वा असोज १८, माघ १९ पछिको राजाको प्रत्यक्ष शासनको अवधिमा नै । साप्ताहिक पत्रिकाहरुले प्रजातान्त्रिक व्यवस्थाको वकालत गरेका छन् । कतिपयले त निरंकुश व्यवस्थाका पक्षमा पनि आफूलाई उभ्याएका पनि छन् । कतिले आफु अनुकूलको व्यवस्थालाई उत्कृष्ट व्यवस्था समेत भनेर व्याख्या गरे । त्यस्तै साप्ताहिक पत्रिकाहरुले प्रजातन्त्रको पक्षमा वकालत गरेकाले नै पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनस्थापना भएको पनि सत्य हो । त्यतिबेला राजनैतिक दलका नेता तथा कार्यकर्ताहरुले खुला रुपमा राजनैतिक गतिविधि गर्न पाउँदैनथे । दलीय गतिविधिहरु पूर्णतः भूमिगत नै थिए । काठमाडौंबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरु बहुदलवादी पार्टीका विषयवस्तु बाहिर ल्याउने माध्यम बनेका थिए । त्यतिखेर पत्रिका संचालनको विषयवस्तु एक प्रकारले प्रजातन्त्रका लागि आन्दोलन गर्नु जत्तिकै थियो र सबैको ध्याउन्न प्रजातन्त्रका वकालत गर्नेपट्टि नै कायम थियो । यी पत्रिकाहरुले पंचायतको विपक्षमा र बहुदलीय प्रजातन्त्रको पक्षमा जनमत बनाउन प्रभावकारी भूमिका निर्वाह गरेका थिए (वन्त, २००४ (२०६१) : ५८६) ।

वि.स. २०४७ सालमा नेपाल अधिराज्यको संविधानले नै छापाखाना तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी गरेपश्चात चाहिँ पत्रिकाको प्रकाशनमा बृद्धि मात्र भएन, व्यावसायिक लक्ष्य लिएर समेत केही पत्रिकाहरु प्रकाशित हुन थाले । तदनुसार नयाँ उपकरण र प्रविधि भित्रिँदै गए । पत्रकारितामा

व्यावसायिकता बढ्यो । प्रेसमा उद्योगी, व्यापारी वर्ग लगानी गर्न आकर्षित भए । साप्ताहिक पत्रिकाहरु पनि रंगीन कलेवरमा प्रकाशित हुन थाले । पत्रिका सातदिने, खबरपत्रिका लगायतका रंगीन साजसज्जामा प्रकाशित भएका थिए । तर ती पत्रिकाहरु लामो समयसम्म बजारमा टिक्न भने सकेनन् र चाँडै नै बन्द पनि भए ।

विशेषगरी पत्रपत्रिकाहरु कांग्रेस, एमाले  र माओवादी खेमामा विभाजित भएको पाइन्छ । यो पनि सत्य हो कि, धेरै नयाँ साप्ताहिक पत्रिकाहरु राष्ट्रिय विचारप्रधान बजारमा आइरहेका छन् । भित्रियाहरुका अनुसार यस्ता पत्रिकाहरु सञ्चालन गर्नका लागि पैसाको आवश्यकता पर्ने भएकोले पनि सो कृया हुने गरेको छ । किनभने एक वर्षमा नै केही लाख रुपियाँ घाटा हुने गर्छ । यस्तो पैसाको प्रबन्ध गर्ने काम राजनीतिज्ञ र व्यापारीहरुले गर्ने गर्छन् (वन्त, २०००: ४) ।

यसरी साप्ताहिक पत्रिकाहरु प्रभावकारी हुन नसक्नुमा र यसलाई निरन्तरता दिन नसक्नुमा राजनीतिक विषयबस्तुलाई केन्द्रित गरेर अघि बढ्नुमा मात्र सीमित थिएन । स्तरीय सामग्री दिन र आर्थिक रुपले मजबुत भई नयाँ प्रविधि अपनाउन नसक्नु पनि यसको मुख्य कारण रहेको थियो । पत्रिकाहरुले अबलम्बन गर्दै आएका परम्परागत ढर्राकै निरन्तरता समेत पनि साप्ताहिक पत्रिकाहरुका लागि कम्ती चुनौतीपूर्ण थिएन । त्यहि परम्परागत ढर्रा र दलीय पूर्वाग्रहलाई त्याग्न नसकेकै कारण ती पत्रिकाहरु त्यतिसारो फस्टाउन सकेनन् ।

साप्ताहिक पत्रिकाहरुमा नयाँ वातावरण छैन । उनीहरु विगतमा जे थियो, त्यसैमा नै रमाइरहे जस्तो देखिन्छ । धेरैजसो साप्ताहिक पत्रिकाहरुमा काम गर्ने परम्परागत वातावरण रहेको छ भने सो मा लगानीको अभाव देखिन्छ । परिणामस्वरुप उनीहरु पत्रिकाका धेरैजसो राजनीतिक दल र प्रभावशाली व्यक्तिहरुको मुखपत्र बन्न बाध्य भएका छन् । जनतासमक्ष विश्वसनीय समाचार विचार प्रदान गर्न यही कुरा बाधक भएको छ । तिनीहरु पार्टी र राजनीतिज्ञहरुको हस्तक्षेपबाट ग्रसित छन् । यस प्रबृत्तिले तिनीहरुलाई पूर्वाग्रही बनाएको छ (गुरुङ, सन् २००२ (वि.स.२०५८): ४) ।

खुला प्रजातान्त्रिक वातावरणमा समेत पनि साप्ताहिक पत्रिकाहरुले दलगत स्वार्थ र संलग्नता त्याग्न सकेका छैनन । त्यसैले वि.स.२०४६ सालपश्चात पनि अधिकांश साप्ताहिक पत्रिकाहरुलाई कुनै न कुनै राजनीतिक खेमा वा दलप्रति प्रतिबद्ध रहेको आरोप लाग्दै आयो । त्यस आरोपको न

त उनीहरुले नै खण्डन नै गरेका छन्, न आफूलाई आरोपमुक्त बनाउन व्यावसायिकतातर्फ नै जोड दिए । उनीहरुले पार्टी वा पार्टीभित्र पनि कुनै विशेष गुटका निकटका रुपमा रहि बनाएको छविलाई सुधार गर्न सकेनन् । परिणामस्वरुप उनीहरु जहिले पनि आलोचनाका शिकार बन्न पुगे । "चलनचल्तीका प्रमुख साप्ताहिकहरु करिब सबै नै राजनीतिक खेमा वा दलसितका भावना प्रतिविम्वित गर्ने छन् । तिनकै मुखपत्र भएर भनेर वा नभनेर प्रकाशित हुने अथवा त्यस्तै काम गर्ने किसिमका छन् । अझ कति त दलभित्रको पनि गुट गुटका मुखपत्रजस्ता छन् (ढुंगाना, २०५८ : ३)।

साप्ताहिक पत्रिकाबारे स्वयं राजनीतिक दलका नेताहरु पनि सकारात्मक छैनन । पार्टी र नेताहरुले आफ्नो पक्षको गुणगान गाउनकै लागि समेत पत्रिका निकाल्ने गरेको पाइन्छ । नेपालका राजनेताहरु पत्रकारिताप्रति चाहिनेभन्दा बढी संवेदनशील छन् । यही संवेदनशीलतालाई पूरा गर्न उनीहरु आफैँ पत्रिका प्रकाशित गर्दछन् । नेपालका अधिकांश अखबारहरु पार्टी, संघसंसथा, नेताहरु र कुनै नेताको वरिपरि घुम्छन् भन्ने विषयमा चाहिं कसैको दुईमत नहोला । पार्टीबाट संचालित पत्रिकाहरु पार्टीको गीत गाइरहेका हुन्छन् (नेपाल, २०५४: १/८) ।

साप्ताहिक पत्रिकाको भूमिका बारे यस क्षेत्रका विशेषज्ञहरु पनि सन्तुष्ट छैनन । उनीहरुको भनाई छ, साप्ताहिक पत्रिकाहरु पुरानै पाराबाट चलि आएका छन् । "साप्ताहिक अखबारहरुमा अधिकांश राजनीतिक सोचाइका गलत धारणाहरुले अभिप्रेरित कथित समाचारले स्थान पाइरहेका हुन्छन् । वास्तवमा स्वच्छ पत्रकारिताको दृष्टिमा यो गलत परम्पराको थालनी हो " (खनाल, ०५६ : ५) । यस्तै पूर्वाग्रहयुक्त राजनीतिक सोचसहितका समाचारहरु प्रकाशित गर्दै आएकाले साप्ताहिक पत्रिकाहरुलाई राजनीति गरेको आरोप प्रत्यारोप पनि लाग्दै आएको छ । साप्ताहिक पत्रिकाहरु समग्र राजनीति र राजनीतिज्ञको पथप्रदर्शक बन्न सकेका छैनन् बरु दलीय राजनीतिको संलग्नताभित्र नै रमाउँदै आएको पाइन्छ ।

पत्रकारितामा राजनीतिक प्रभाव बढेमा व्यावसायिक मर्यादा तहसनहस हुनपुग्दछ । यसबाट पीत पत्रकारिताको जन्म हुन पुग्दछ भने राजनीतिक नेताले नै पत्रकार र पत्रकारितालाई डोऱ्याउन थालेको खण्डमा कथित पत्रकारिताको थालनी हुन जान्छ । यसको उदाहरण स्वरुप हिजोआजका कतिपय नेपाली पत्रपत्रिकाहरु आलोचनाको विषय बनेका छन् । कतिपय समाचारपत्रहरुले त

पत्रकारिता गरिरहेका होइनन्, राजनीतिक पार्टीको पत्रकारिता गरिरहेका छन् भन्ने भनाइहरु स्वयं पत्रकारहरुले नै चर्चा गरेको पाइन्छ " (खनाल, २०५६ : ६) ।

कतिपय साप्ताहिक समाचारपत्रहरुमा राजनीतिक पार्टीका कार्यकर्ता प्रत्यक्ष रुपमा संलग्न हुने गरेका छन् । यो निश्चय पनि सकारात्मक दृष्टिकोण होइन । त्यसैले पनि यस क्षेत्रमा विकृति भित्रिएका गुनासाहरु नआएका होइनन् । समाचारपत्रमा राजनीतिक कार्यकर्ताहरुको संलग्नताले पत्रकारिता पेसाको स्वच्छता धमिलिएको भनाई पनि छ ।

हरेक साता आइतबारदेखि शनिवारसम्म प्रकाशित हुने साप्ताहिक पत्रिकाहरु कुनै न कुनै एउटा राजनीतिक दल, त्यस समूह वा नेतासँग आबद्ध रहेको पाइन्छ । अझ साप्ताहिक पत्रपत्रिकाको राजनीतिक सम्बद्धता वर्तमान समाजमा यति सहज भएको छ कि पाठकहरु फलाना पार्टीको धारणा बुझ्न फलानो पत्रिका पढ्नुपर्ने अभिव्यक्ति सहजै व्यक्त गर्न सक्छन् । साप्ताहिक पत्रिकाहरुले दलगत आधारमा सोझो संलग्नता देखाएकै कारण होला, साप्ताहिक पत्रिकाहरुमध्ये धेरैलाई त अमुक पार्टीको अघोषित मुखपत्र नै मान्ने गरिएको छ । तर, पछिल्ला दिनहरुमा पार्टीहरुका मुखपत्र नभएर पार्टी नजिकको पत्रिका भन्ने धारणा विकास हुँदै गएको छ (गाउँले, ०५६ : ३) ।

त्यसो त राजनीतिले सञ्चारक्षेत्रलाई निरन्तर रुपमा प्रभाव पारिरहेको हुन्छ । चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन् वा निजी क्षेत्रबाट, तिनीहरु राजनीतिबाट टाढा हुन सकेका देखिँदैनन् । तर, कतिपय पत्रकारहरु त राजनीतिक दलका सदस्य नै छन् । यसरी राजनीतिक दलको सदस्य भएका कारणस्वरुप पत्रकारहरु राजनीतिक आस्थाका आधारमा विभाजित समेत छन् ।

पत्रकारहरु कुनै न कुनै पार्टीका सदस्य हुने वा उनीहरुप्रति सहानुभूति राख्ने खालका छन् । विशेषगरी यो प्रबृत्ति ट्याब्लोइड साप्ताहिक पत्रिकाहरुको हकमा बढी देखिने गर्दछ । हामीले कुनै पनि साप्ताहिक पत्रिकाहरुलाई हेर्‍यौं भने त्यो पत्रिका कुन पार्टीको बढि वकालत गर्छ भनेर थाहा पाउन सक्छौं । आखिर त्यस्ता पत्रिकाहरुले कुनै दलविशेषको पृष्ठपोषण गर्ने गरेका छन् । दुर्भाग्य नै हो, पत्रकारहरु आस्थाका आधारमा विभाजित भएको पाइन्छ । यतिसम्म कि तिनीहरु आफूलाई

व्यावसायिक भन्न पनि रुचाउँदैनन् । उनीहरु राजनीतिक पार्टीका युनियन जस्ता देखिन्छन् ( खनाल, २००१ (२०५७) : १२०) ।

साप्ताहिक पत्रिकामा देखिएको राजनीतिकरण र दलीय आबद्धताले पनि उनीहरुको विश्वसनीयता साँच्चिकै संकटमा परेको अभिव्यक्तिहरु पनि आएका छन् । "नेपाली साप्ताहिक पत्रिकाहरुको राजनीतिक दलहरुप्रतिको बलियो आबद्धताले पनि उनीहरुको विश्वसनीयता साँच्चिकै गम्भीर संकटमा परेको छ " (पौडेल, १९९५ (२०५१) : २१) । साप्ताहिक पत्रिकाहरु अहिले कुनै न कुनै राजनीतिक दल र तिनका सिद्धान्तसँग जोडिएका मात्र होइनन्, पत्रकारहरु राजनीतिक दलमा आबद्ध भएकोले पनि उनीहरुको व्यावसायिक निष्ठामाथि प्रश्नचिन्ह खडा भएको छ । यतिसम्म कि पार्टीका कार्यकर्ताहरुले नै पत्रिका संचालन गरेकोले पनि पत्रकार र राजनीतिक कार्यकर्ताबीच नै फरक छुट्याउन गाह्रो परेको भनाईहरुसमेत जनसमक्ष आई परेका छन् ।

नेपालका धेरैजसो सम्पादक र संवाददाताहरु राजनीतिक संलग्नताप्रति प्रतिबद्ध छन् र कहिलेकाहीं तिनीहरुको गतविधि पत्रकारको रुपमा सुहाउँदो देखिदैन । पत्रकारहरुको व्यवसायिक संगठनहरुमा रहेका कतिपय पत्रकारहरु राजनीतिक दलको मनोनयनका रुपमा वा संसद्को निर्वाचनमा प्रतिस्पर्धा समेत गर्न चाहन्छन् । कतिपय पत्रकारहरु राजनीतिक दलहरुको चुनाव प्रचारप्रसार समितिमा संलग्न रहने गर्छन् । धेरै मुद्दाहरुमा त पत्रकार र राजनीतिकर्मीको फरक छुट्याउनै गाह्रो हुन्छ (पौडेल, १९९५ (२०५१) : २२) ।

पत्रकारहरुको राजनीतिक संलग्नता तथा त्यो संलग्नताबाट देखिने पूर्वाग्रहका कारण पनि साप्ताहिक पत्रिकाले पस्किने सामग्री र पाठकहरुको चाहनाबीच तालमेल हुन सकेको छैन । पाठकहरु एकातिर चाहने र पत्रिकाले उनीहरुको आकांक्षाहरु परिपूर्ति गरी सामग्री नदिंदा समेत पनि साप्ताहिक पत्रिकाहरु लोकप्रिय हुन सकेका छैनन् । आखिर निजी स्वार्थले प्रेरित खबर/विचार संग्रहित पत्रिका कसरी लोकप्रिय होउन् त ?

आजकाल पाठकहरु पत्रपत्रिकाबाट बस्तुगत, स्वतन्त्र र राजनीतिक रुपमा पूर्वाग्रही नभएको समाचार खोज्छन् । नेपालका धेरैजसो पत्रपत्रिकाहरुले राजनीतिक पार्टीको अघोषित भ्रातृसंगठनको जस्तो काम गरिरहेका छन् । त्यसैले गर्दा यसप्रति पाठकहरुको चाहना कमै मात्रामा पूरा भएको देखिन्छ  (पौडेल, २०५१ : २३) ।

यसरी पाठकको चाहना एकातिर र साप्ताहिक पत्रिकाको प्रस्तुति अर्कोतिर हुँदा, ती पत्रिकाको बजार धरासायी बन्न पुग्यो । विक्री वितरण घट्दै गयो । “हिजो ठूलो संख्यामा विक्री हुने साप्ताहिक पत्रिकाहरुको विक्री घट्नुमा दैनिक पत्रिकाहरुको सशक्त उपस्थिति र साप्ताहिक पत्रिकाहरुमा देखिएको बढी राजनीतिक समाचारको प्रयोग नै हो भन्न सकिन्छ ” (गाउँले, २०५६: ४) । विक्रीसँगै विज्ञापनदाताहरु पनि घट्दै गए । यसले गर्दा उनीहरुको अस्तित्वमाथि नै प्रश्न उठ्यो ।

सूचनामाथिको पहुँच कमजोर बन्दैछ, विक्रीवितरणमा संकुचन बढेको छ, विज्ञापनको उपलब्धता घटेको छ, प्रशिक्षित जनशक्तिको अभाव छ । राजनीतिक प्रभाव र प्रायोजित प्रक्षेपणको सूचना प्रवाहबाट मुक्त हुन नसक्दा विश्वसनीयतामाथि संकट पनि त्यत्तिकै कायम छ । साप्ताहिक पत्रिकाहरुको वर्तमान अवस्था चुनौतिपूर्ण मात्र होइन, जटिलतम मोडमा रहन पगेको छ । बजारको संकुचन र विज्ञापनविहीनताको विस्तारले गर्दा साप्ताहिक प्रकाशनहरु जीवन मरणको दोसाँधमा पुगेका छन् (घिमिरे, २०६१ : ३०) ।

बदलिंदो परिस्थिति र व्यावसायीकरणको प्रभावसँगैको परिवर्तित सन्दर्भमा समेत आफ्नो गन्तव्य निर्धारण गर्नुपर्ने बेला आइसकेकाले पनि साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादक भविष्यमा आइपर्ने चुनौतिहरुप्रति सचेत हुन थालेका छन् । तिनै चुनौतीहरुको सामना गर्नका लागि उनीहरु संगठित हुन थालेका छन् । यही सेरोफेरोमा वि.स. २०६२ कार्तिक २ गते काठमाडौंबाट नियमित रुपमा प्रकाशित हुँदै आएका केही प्रमुख साप्ताहिक र पाक्षिक पत्रिकाका डेढ दर्जन सम्पादक/प्रकाशकहरुको भेलाले ‘साप्ताहिक पाक्षिक पत्रिका संघर्ष सञ्जाल’ गठन गरी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गराएका थिए ।

वितेका १२ वर्षमा हामीले यो वा त्यो विचारको पक्षपोषण या आलोचना गर्ने क्रममा लोकतन्त्र पक्षधर दल र तिनका नेता तथा कार्यकर्ताको छवि जनस्तरमा अलोकप्रिय बनाउन नकारात्मक भूमिकासमेत निर्वाह गरेका छौं । यसका कारण लोकतन्त्रका बैरिहरुले जनअधिकारमाथि धावा बोल्ने अनुकूल परिस्थिति पाउन सके । यस्तो अवस्थाबाट पाठ सिकेर हामीले आफ्नो भूमिकालाई परिमार्जन गर्न र सच्चाउनसमेत तयार हुनुपर्छ (लोकतन्त्र, ०६३ : ४) ।

साप्ताहिक पत्रिकालाई व्यवस्थित तथा मर्यादित बनाउन साप्ताहिक पाक्षिक पत्रिकाहरुको सञ्जालले १५ बुँदे आचारसंहिता प्रस्ताव पारित गरिसकेको छ । आचारसंहिता प्रस्तावमा राजनीतिक दलप्रति पूर्वाग्रह भएर टिप्पणी नगर्ने, कसैकाप्रति कुनै पनि पूर्वाग्रह वा बदलाको भावना नराख्ने, आलोचना गर्नुपरे पनि शिष्ट भाषामा दलहरुको नीतिगत, सैद्धान्तिक एवं कार्यक्रमगत रुपहरुलाई आधार बनाएर गरिने जस्ता विषयवस्तुहरु उल्लेख गरिएको छ । तर, व्यवहारमा साप्ताहिक पत्रिकाहरुले आफ्नो राजनीतिक पूर्वाग्रह छाडेको देखिदैन ।

राजनीतिक आस्था र पूर्वाग्रह छाड्न नसकेकै कारण साप्ताहिक पत्रिकाहरुले कुनै दलविशेष र दलको पनि गुट उपगुटको वकालत गर्दै आएका छन् । तर, सँगै राजनीतिक व्यवस्था परिवर्तनमा भने ट्याब्लोइड साप्ताहिक पत्रिकाहरुको भूमिका उल्लेखनीय रहने गरेको छ । लोकतन्त्रको स्थापनाका लागि पनि साप्ताहिक पत्रिकाहरुको योगदान उल्लेखनीय रह्यो । उनीहरुको विगत संघर्षशील त छ नै, साथै कमजोरी पनि नभएका होइनन् । यिनीहरुको कमजोरी भनेकै राजनीतिक रुपमा आग्रह र पूर्वाग्रहको आधारमा समाचार सामग्री तयार गर्नु हो । राजनीतिले सञ्चारक्षेत्रलाई प्रभाव पारेको प्रत्यक्ष असर हो यो । चाहे सरकारी स्तरबाट सञ्चालित पत्रिका होऊन वा निजी क्षेत्रबाट, तिनीहरु राजनीतिबाट टाढा हुन सकेका छैनन् । तर, कतिपय पत्रकारहरु त राजनीतिक दल तथा तीनका भातृसंठनका सदस्य नै छन् । राजनीतिक दलको सदस्य भएकै कारण पत्रकारहरु पनि राजनीतिक आस्थाका आधारमा विभाजित छन् ।

ट्याब्लोइड साप्ताहिक पत्रिकाको राजनीतिकरण र दलीय आबद्धतामा कमी आएन भने उनीहरुको विश्वसनीयता माथि साँच्चिकै संकट पर्ने सम्भावना रहेको छ । साथै साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरुले पार्टीको विभिन्न तहमा रहेर काम गर्दा उनीहरुको व्यवसायिक निष्ठामाथि नै प्रश्नचिन्ह खडा हुन सक्छ । पत्रकार र राजनीतिकर्मी वीचको फरक छुट्याउनै गाह्रो पर्नु पनि सकारात्मक होइन । त्यसैले पनि पत्रकार र राजनीतिकर्मी बीच स्पष्ट रुपमा लक्ष्मण रेखा कोरिन जरुरी छ । यो कदम साप्ताहिक पत्रिकाहरुको चिरस्थायित्वमाथि नै विचारणीय पक्ष पनि हो ।

# अध्याय - ३

## ३. अनुसन्धान विधि (Research Methodology)

यो अनुसन्धान उपत्यकाबाट प्रकाशित हुने प्रमुख तिन ट्याब्लोइड साप्ताहिकको विषयबस्तु अध्ययनबाट गरिएको हो । तिनवटा प्रमुख ट्याब्लोइड साप्ताहिकहरु, जो देशमा रहेका खास तिनथरी राजनैतिक दर्शन ९एयष्तिष्अबा एजषयिकयउजथ० को निकट रहेका छन् भन्ने अनुमान छ । तिनैको सेरोफेरोमा यो अध्ययन घुमेको छ । यिनीहरुलाई अध्ययनको क्रममा समेट्नुको खास कारण छ । काठमाडौं जिल्ला गोल्ढुंगा २ स्थित हिमचुली स्टेसनरीमा गत सालको माघ महिनाको पहिलो हप्ता पत्रिका पढ्न आउने दैनिक १० का व्यक्तिलाई तिनै पत्रिकाको राजनैतिक निकटताका बारेमा प्रश्नावली भराएर एउटा ‘मिनी सर्भे’ गरियो । त्यो प्रश्नावली भरेका ७० जनामध्ये ५३ जनाले अध्ययनमा समावेश गर्न लागिएका तिन ट्याब्लोइड पत्रिकाहरुलाई यो अध्ययनकर्ताले अनुमान गरे अनुसारकै उत्तर दिए, अर्थात *बुधबार* साप्ताहिकलाई ‘एमाले पत्रिका’ भने, *देशान्तर*लाई ‘काँग्रेसको पत्रिका’ भने र *जनादेश*लाई ‘माओवादीको पत्रिका’ भनेर उत्तर दिए । सामान्य सर्वेक्षणबाट नै यो उत्तर आइसकेपश्चात अध्ययनका लागि कुनै असहज महसुस भएन ।


यति गरिसकेपश्चात बाँकी काम रह्यो पत्रिकाहरु संकलन गर्ने । यी तिनैवटा पत्रिकाका एक महिनासम्मको नियमिति अंकहरु बटुल्ने काम भयो । त्यसका लागि २०६५ फाल्गुण महिनाका *बुधबार, देशान्तर र जनादेश* संग्रह गर्ने काम गरियो । त्यस प्रयोजनका लागि *मार्टिन चौतारीको* लाइब्रेरीमा गएर उक्त पत्रिकाहरु संकलन गरिएको थियो । त्यति गरिसकेपछि विषयबस्तु विश्लेषण गर्ने काम गरियो । यसका लागि करिब दुई हप्ताको समय लाग्यो । यसका अलावा अनुसन्धानलाई थप मजबुत पार्न पाठक/विज्ञ सर्वेक्षण पनि गरियो । यसका लागि पत्रकारिताको स्नातक तहमा पढ्ने सय जना विद्यार्थी बीच प्रश्नावली भराउने काम भयो । पत्रकारिताका विद्यार्थीहरुसँग नै प्रश्नावली भराउने काम भएका हुँदा स्वभाविक रुपमा उनिहरुमा बलि बढि उत्सुकता भेटियो । उत्सुकताका कारण नै प्रश्नावली भर्ने काम सजिलो भयो । प्रश्नावलीमा उल्लेख शव्दहरुसँग पनि उनीहरु निकट भएका कारण सहज ढंगले उनीहरुबाट उत्तर प्राप्त गर्न सकियो । प्रश्नावलीमा उल्लेखित पत्रिका, ती निकट दर्शन र तिनले प्रवाह गर्ने विचारका बारेमा बढि उल्लेख छ ।

## अध्याय - ४


### ४. पुनरावलोकन /विश्लेषण (Review and Analysis)

### ४.१ पुनरावलोकन

'मिडिया सर्वेक्षण २०६३' अनुसार करिब ४४% पत्रकार राजनीतिक घटनाका बारेमा लेख्ने गर्छन् । त्यस्तै प्रायः राजनीतिक विषयमा लेख्ने भन्ने पत्रकारहरुको संख्या २३ प्रतिशत छ । कहिलेकाँहि लेख्नेहरुको संख्या १२ प्रतिशत र राजनीतिको विषयमा लेख्दै नलेख्नेहरुको संख्या २१ प्रतिशत कायम थियो ।




त्यसैगरी ४५ सहभागीहरुमध्ये ४५ प्रतिशतले आफूले गर्दै आएको पत्रकारितालाई व्यवसायिक पत्रकारिताको संज्ञा दिए भने ४९ प्रतिशतले चाहिं मिसन पत्रकारिता । व्यावसायिक र मिसन दुबै भन्नेहरुको संख्या चाहि ६ प्रतिशत कायम रह्यो । यसरी बहुसंख्यक पत्रकारहरुले आफूले गर्दै आएको पत्रकारितालाई 'मिसन पत्रकारिता' भन्नुको तात्पर्य पनि साप्ताहिक पत्रिकामा अझै पनि व्यावसायिक पत्रकारिताको अभाव झल्किएको देखिन्छ । व्यवसायिक नहुनुको अर्थ 'दालमे कुछ काला हे ।' भन्ने अनुमान लगाउन सकिन्छ ।




त्यसैगरी सोही सर्वेक्षणबाट के कुरो पनि पत्ता लागेको थियो भने 'ट्याब्लोइड साप्ताहिक' पत्रिकाहरुमा काम गर्ने ५२ प्रतिशतले आफूले कुनै न कुनै राजनीतिक दलको साधारण सदस्यता लिएको बताएका थिए । यसबाट के झल्किन्छ भने राजनैतिक आबद्धताले ती पत्रकारहरु काम गर्ने पत्रिकामा निश्चित रुपमा राजनैतिक प्रभाव पर्ने भयो । त्यति मात्रै होइन, राजनैतिक पार्टीहरुले नै प्रचारबाजीका लागि ती व्यक्तिहरुलाई पत्रकारको आवरणमा मिडियामा प्रवेश गराएका किन नहुन् ? उसो त राजनैतिक दलको नेताहरु स्वयं नै पनि 'ट्याब्लोइड साप्ताहिक' मा सम्पादकका रुपमा कार्यरत पनि छन् । *बुधबार* साप्ताहिक त्यसैको उदाहरण हो । एमालेको प्रकाशन तथा प्रचार विभाग प्रमुख सूर्य थापा *बुधबार* साप्ताहिकको सल्लाहकार सम्पादक समेत हुन् ।

### *४.२ प्रोपागान्डाबारे*

मिडियाको कार्य सार्वजनिक चासोको विषयवस्तुको प्रचार-प्रसार गर्नु हो । आमसंचार माध्यमले बस्तुगत र तथ्यमा आधारित खबरको सम्प्रेषण गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता हो । सरल अर्थमा प्रचार भनेको कुनै पनि विषय या व्यक्तिका बारेमा कुनै श्रोतले लक्षित समुदाय या वर्गसम्म खबर/सन्देश पुऱ्याउने या फैलाउने काम गर्नु हो । बसन्त शर्मा नेपाल लिखित 'शब्दसागर' अनुसार 'प्रचार' को अर्थ यस्तो हुन्छ : कुनै पनि विषय या चिजलाई निरन्तर

फैलाउने काम : कुनै काम या विषयवस्तुको विभिन्न माध्यमद्वारा सबैलाई जानकारी दिइने कामकाज; लोकप्रियताका निम्ति सबैतिर हल्लिखल्लि गराइने कुरा वा काम, प्रसिद्धि, ख्याति हो । उसैगरी ऋर्याष्लिक न्भ म्अतष्यलबचथ मा एचयउबनबलमब लाई विज्ञापन, गलत सन्देश, उल्टो समाचार, प्रतिवेदन र प्रचार भनिएको छ । त्यस्तै इहायचम 'भिबचलभचक म्अतष्यलबचथ मा लेखिएको छ, 'विचार तथा तथ्य जो कुनै निश्चित प्रचारका लागि लक्षित हुन्छ, खासगरी राजनैतिक । प्राय ति बंग्याइएका हुन्छन् या झुट हुन्छन् ।'

प्रचारका अनेक रुप हुन्छन् । अंग्रेजी एचयउबनबलमब को नेपाली अनुवाद प्रचार नै हो । तर जुन विषयमा शोधपत्रको विषयको उठान गर्न खोजिएको छ, त्यसले आमनेपाली समाजको बुझाइको सकारात्मक प्रचार भन्दा पनि विल्कुल फरक र विपरित अर्थ लाग्ने गलत प्रचार, प्रोपागान्डा या दुस्प्रचारलाई इंगित गर्न खोजेको छ । प्रचारतन्त्र (Propaganda) अँग्रेजी शब्द भएतापनि यसले आगन्तुक शब्दको मान्यता पाएकाले प्रोपागान्डालाई त्यहि रुपमा मनन गर्नु आवश्यक छ ।

Propaganda is the deliberate, systematic attempt to shape perceptions, manipulate cognitions, and direct behaviour to achieve a responce that furthers the desired intent of the propagandist" - Garth S. Jowet Propaganda and persuasion.

उल्लेख गरिएझैं लक्षित समुदायको धारणा बद्ल्ने र तिनको व्यवहारमा समेत प्रत्यक्ष प्रभाव पार्ने आशयले प्रचार गर्ने काम प्रोपागान्डा हो । यस्तो प्रचारमा सबै कुरा सत्य र वस्तुगत हुने गर्दैनन् । जसरी होस् जनता/पाठक र कार्यकर्ताको बुद्धि भुटेर तिनलाई एकोहोरो बनाउनु "प्रोपागान्डिस्ट" को उद्देश्य हो । यसकारण प्रोपागान्डालाई मनोवैज्ञानिक युद्ध नामाङ्करण गरिएको छ । पहिला सकारात्मक अर्थ दिने अंग्रेजीको एचयउबनबलमब लाई खासगरी द्धितिय विश्वयुद्धपश्चात नकारात्मक अर्थ लगाउन थालिएको हो । दोस्रो विश्वयुद्धमा विरोधीहरुलाई कमजोर पार्न र शिथिल पार्नकै खातिर विभिन्न युद्धमा सामेल देशहरुले एकपक्षीय र एकोहोरो प्रचारमा जोड दिएका थिए । त्यसका लागि मिडियाको सकेसम्म प्रयोग/दुरुपयोग भएको थियो ।

यसर्थ, संचारको कुनै पनि साधनको उपयोग गरेर धेरै व्यक्तिहरुलाई प्रभाव पार्ने काम नै प्रचारतन्त्र हो । प्रचारतन्त्रमा प्रायः राजनैतिक उद्देश्य निहित रहेको हुन्छ । नेपालमा पनि आफ्नो संगठनको प्रभाव कायम राख्न या प्रभुत्व बढाउन राजनैतिक दल र संगठनहरुले मिडिया मार्फत अफवाह र भ्रमको खेती फैलाई रहेका छन् भन्ने घटना परिस्थिति सिर्जना भई आइरहेको छ । स्वयंलाई समेत पत्रपत्रिकाको विषय अनुभुति गर्दा त्यस्तै महसुस भएको हो ।

“Propaganda - The Nation of Men's Attitudes” sf n]vs Jaques Ellul लेख्छन ,‘प्रोपागाण्डा सामाजिक प्रकृया हो’ उनको भनाई छ - प्रायः समाजका धेरै व्यक्तिहरु प्रचारतन्त्रका शिकार हुन्छन् । यस सन्दर्भमा के कुरा प्रकट हुन्छ भने सत्य फरक-फरक

हुन्छन् । सत्य निर्माण गरिन्छ । सत्यका अनेक रुप हुन्छन् : जस्तो कि अर्धसत्य, सीमित सत्य र सन्दर्भ बाहिरको सत्य । प्रचारतन्त्रले विचार र अवधारणामा मात्र परिवर्तन गराउँछ भन्ने होइन, व्यवहारमा समेत उतारिन्छ । एल्लका अनुसार ूब्नष्तबतष्यल उचयउबनबलमबू त्यहि हो । त्यसैगरी विचारको कुनै संरचनामा लैजाने खालको प्रचारतन्त्रलाई छापाले एकीकृत प्रचारतन्त्रको संज्ञा दिएका छन् ।

‘प्रचारतन्त्र र वर्तमान राजनीति’का लेखक म्याथु नमानले लेख्दछन् कि - प्रचारतन्त्र आजको अवस्थामा मानवताकै लागी चुनौती हो । यो पनि वास्तवमा वर्तमान पुस्ताका लागि प्रोपागान्डाबाट हुन सक्ने खतराप्रति एक प्रकारको खबरदारी हो । आज वास्तवमै प्रचारतन्त्रको विस्तार हुँदै गएको हो ।

उता अर्का संचारविद्को भने मौलिक धारणा छ । ज्याक्विस ड्राइन कोर्ट भन्छन कि सबै चिज प्रचारतन्त्र हो । कुरो यसो त होइन । जेसुकैलाई पनि प्रचारतन्त्र मान्ने हो भने त अन्य शब्द, विचार र व्यवहारलाई पनि त्यसैगरी जेसुकै वा पनि जे भनिदिए नि भै गयो नी ।

तलको परिभाषाले प्रचारतन्त्रलाई अलि विस्तारमा बुझाउँछ : Propaganda is the expression of opinions or actions carried out deliberely by

individuals or groups with a view to influencing the opinions or action of other individuals or groups for pre-determined ends and through psychological manipulations.

## ४.३ *प्रोपागाण्डा* र वस्तुनिष्ठता

प्रोपागाण्डाका बारेमा अघिल्लो परिच्छेदमा चर्चा भइसकेको छ । पत्रिकामा के-के हुँदा प्रोपागाण्डा हुने , के सम्बद्ध नहुँदा प्रोपागाण्डा नहुने विषयलाई भन्ने कुरोलाई अझ प्रस्ट पारौँ । समाचार वा लेख एकपक्षीय छ भने त्यो प्रोपागाण्डा हो । समाचार कुनै विचार, पार्टी, संगठनको पक्षमा मात्रै केन्द्रीत छ भने त्यो गलत प्रचार हो । समाचार वा विचारमा विरोधी पक्षको आलोचना मात्रै छ भने त्यो गलत हो । विरोधी पक्षलाई गाली वा मानहानी हुने खालका शव्दहरु प्रयोग गर्नु पनि 'प्रोपागाण्डा' हो । कुनै एक पक्षको प्रशस्ती वा स्तुती गरिएको छ भने पनि त्यो 'प्रोपागाण्डिय' चरित्र भयो । भएको कुरोलाई तोडमोड गरेर नक्कली तथ्य, कम्प्युटरमार्फत भिन्नै रुप दिइएको तस्विर र कपटपुर्ण लेख वा समाचारहरु प्रकाशन गर्नु पनि प्रचारतन्त्र नै हो ।

सारांशमा 'बस्तुनिष्ठता व्याख्या वा उपव्याख्या होइन । घटना जे जस्तो छ, त्यहि रुपमा राखिनु नै बस्तुनिष्ठता हो ।' संचारविद जे रम्मेलले लेखेका छन् । खवर सम्प्रेषण गर्ने पत्रकार र सामाजिक परिचालकहरुले समाजमा देखा परेका घट्ना र परिघट्नालाई सन्तुलित रुपमा प्रस्तुत गर्नुपर्छ । तर व्यक्तिको विचार, धारणा, सँस्कृति, वैचारिक पृष्ठभुमि र उसले ग्रहण गरेको शिक्षा आदि चिजले समेत घट्नाप्रतिको दृष्टिकोणमा फरक पार्छ । भनिन्छ नि कुण्ड कुण्ड पानी मुण्ड-मुण्ड बुद्धि । व्यक्तिको आफ्नै आवश्यकता, धारणा र रुची हुन्छन् साथै आफ्नै बुझाई र आफ्नै सत्य पनि ।


त्यसको भावार्थ हो सत्यबारे पनि सबैका आफ्नै धारणा हुन्छन् । जिद्धु कृष्णमुर्तिले 'इन् द गड'मा उल्लेख गरेका छन्, 'सत्य त छैन । सत्य अहिलेको तिम्रो धारणा हो, जुन केहि क्षणमै बदलिन्छ ।' उत्तरआधुनिक धारणा पनि यहि भन्छ कि सत्य एउटा छैन । सत्य अनेक छन् । बस्तुप्रतिको अनेक धारणा नै सत्य हो । सत्य बुझाई हो भन्ने धारणाले बस्तुनिष्ठताको हाम्रो परिभाषालाई कसरी स्वीकार्ला ? ज-जसले जे परिभाषा गरे पनि समाज र सँस्कृतिले हरेक समाजमा आ-आफ्नै मूल्यमान्यता सम्वनधीका मापदण्ड निर्माण गरेका हुन्छन् । आजको उदार र लोकतान्त्रिक सामाजिक व्यवस्थाका पनि आफ्नै मान्यता र सिद्धान्त छन् । यहि लोकतान्त्रिक र उदार समाजले अभिव्यक्ति गर्ने गरेको बस्तुनिष्ठता नै अन्ततः हाम्रो बुझाईको बस्तुनिष्ठता हो ।

शोधकर्ताको विचारमा ढाँट्नु, छल्नु र गलत जानकारी दिएर मान्छेहरुलाई गुमराहमा पार्ने प्रयास गर्नु वास्तवमा प्रोपागाण्डा हो । ठुलो स्केलमा आम संचारका साधनहरुको प्रयोगबाट यदि त्यसो गरिन्छ भने त्यो 'मिडिया प्रोपागाण्डा' भयो ।

## ४.४ छापामा *प्रोपागाण्डा*

अब परिदृश्यमा आउँदछ , छापामा प्रोपागान्डाको प्रश्न । जनता वा आम पाठकलाई दिग्भ्रमित पार्ने गरी समाचार वा विचार पस्कनु नै प्रचारतन्त्र हो । यसमा एक पक्षीय दृष्टिकोण कायम हुन्छ । यसमा विरोधीलाई 'मात्र विरोधी' का रुपमा चित्रण गरिन्छ । विरोधी मतलाई नकारिन्छ । विरलै विरोधी पक्षको सकारात्मक दृष्टिकोणको उल्लेख गरिन्छ । सकारात्मक विषयवस्तु उल्टै लुकाइन्छ । आफ्नो पक्षधरताको मात्र 'बडाँई' गरिन्छ । आफ्नो 'वैचारिक पक्ष' को नकारात्मक चिजलाई ढाकछोप गरिन्छ । त्यसरी ढाकछोप गर्न, अरुको तेजोबध गर्न र आफूलाई उकास्न छापामा लेख छापिन्छन् । समाचार बङ्गयाएर प्रस्तुत गरिन्छ । पछिल्लो समयमा त कम्प्युटरको प्रयोगले भए नभएका तस्विर सामग्री जुटाएर प्रविधि मार्फत 'नक्कली तस्विर' निर्माण गरी छापिन्छ । यदाकदा छापाहरुमा त्यस्तो भएको पाइएको छ । संविधान निर्वाचनताका *जनदिशा* दैनिकले बारम्बार त्यसो गरेको थियो ।

अर्न्तराष्ट्रिय छापाहरुमा पनि कहिँलेकाँही त्यस्तो हुने गरेको छ । तर यस्तो काम विरलै 'मर्यादित छापा' ले गर्दछ । खासगरी अर्न्तराष्ट्रिय छापामा 'सि' ग्रेडका छापाहरु यसरी 'प्रोपागाण्डकारिता' गर्छन् । तर प्रश्न हाम्रो हो । नेपालमा छापामार्फत कत्तिको 'प्रोपागाण्डाकारिता' भईरहेको छ ? हाम्रो अध्ययनको केन्द्रविन्दु त्यही हो । *मिडिया लुक* नामक संस्थाले २००९ मा गरेको एउटा सर्वेक्षणले के देखाएको छ भने साप्ताहिक पत्रिका (प्रायः साप्ताहिक सबै ट्याब्लोइड साइजमै छन्) हरुमा ७६% नकारात्मक दृष्टिकोणका समाचार छापिन्छन् भने २४% समाचार मात्रै सकारात्मक दृष्टिकोणबाट छापिन्छन् ।




यहि एउटा अध्ययनको निचोडबाट केसम्म अनुमान गर्न सकिन्छ भने विरोधी पक्षको तेजोबध गर्ने, उसका नकारात्मक पक्ष खोतल्ने र आमजनता माझ आफ्नो पक्षमात्रै सर्वोत्कृष्ट हो भनेर स्थापित गर्ने प्रयास ट्याब्लोइड साप्ताहिकहरुले गरिरहेका छन् ।

उक्त अध्ययनमा लेखिएको छ - साप्ताहिक पत्रिकाहरुले जहिले पनि नकारात्मक कुरालाई मात्रै प्राथमिकता दिने गर्छन् भन्ने आरोप लाग्दै आएको छ । त्यस्तै साप्ताहिक पत्रिकाहरुले अनावश्यक मुद्दालाई उचाल्ने र प्राथमिकता दिनुपर्ने मुद्दाप्रति ध्यान दिँदैनन् भन्ने आरोप त विज्ञहरुबाटै लागेको पाइन्छ । "आफ्नो माध्यमलाई पत्रिका र आफूलाई पत्रकार भनेर दर्ता गरेपश्चात अपनाउनु पर्ने तदनुरुपको गम्भिरता, संवेदनशीलता र उत्तरदायित्वको अभाव पनि साप्ताहिक र तिनका संचालकमा पाइन्छ । महत्व र प्राथमिकता दिनुपर्ने बिषय र मुद्दालाई उपेक्षा गरिएको र साधारण एवं महत्वहिन विषयवस्तुलाई स्थान दिइएको प्रशस्त अनुभव छ" (लोकतन्त्र, ०६२:१२) । साप्ताहिक पत्रिकाका समाचार तथा समाचार शीर्षकमै प्रयोग गरिएका भाषाप्रति पनि बेलाबखतमा प्रश्न उठ्दै आएको छ । कुनै निहित उद्देश्यले जानी जानी कसैको चरित्र हत्या गर्ने वा उसको सामाजिक सम्मानमा आघात पुर्‍याउने किसिमका शब्दावलीहरु समेत प्रयोग भएको पाइन्छ ।

त्यसैगरी यी साप्ताहिकहरुमा मुलुकको जिम्मेवार हैसियतमा कार्यरत रहेका नेता, सांसद, मन्त्री, अधिकारीहरुको आलोचना गर्दा डाँकु, विदेशी दलाल, देशबेचुवा, चण्डाल, पातकी जस्ता अमर्यादित शब्दहरु शीर्षकमै पनि प्रयोग हुने गरेको पाइन्छ । यो असावधानी होइन, उत्ताउलोपना हो । सीमित पत्रिकाबाट हुने गरेका यस्ता गैरजिम्मेवारीपूर्ण कार्यले सिङ्गो प्रेस जगत खासगरी

साप्ताहिक पत्रपत्रिकाहरुको छवि, प्रतिष्ठा र विश्वसनियतामाथि नै गम्भिर आघात पुग्ने गरेको छ ।

## ४.५ *ट्याब्लोइड* र *ब्रोडसिट*मा भिन्नता

'ट्याब्लोइड' नामको प्रादुर्भाव सन् १८८० मा बेलायतमा *बर्घस् वेलकम एण्ड कम्पनी* नामको औषधी कम्पनीले वितरण गरेको 'संकुचन गरिएको' या 'कम्प्याक्ट' बनाइएको ट्याब्लेटबाट भएको भन्ने मान्यता छ । जुनसुकै साना आकारका वस्तुलाई ट्याब्लोइड भन्ने चलन संस्थागत स्वरुपमा शुरु भयो । सन् १९१० सम्ममा आइपुग्दा छोटा तर 'क्याची' समाचार भएका पत्रिकालाई ट्याब्लोइड पत्रिका भन्न थालियो ।

हेर्दा झट्ट थाहा पाइन्छ कि ब्रोडसिट पत्रिका र ट्याब्लोइड पत्रिकाको संरचनाविच भौतिक रुपमै फरक छ । वास्तवमा ब्रोडसिटभन्दा आधा साइजका पत्रिका नै ट्याब्लोइड पत्रिका हुन् । पश्चिमा देशहरुमा के धारणा छ भने यी पत्रिकाहरुवीच भौतिक रुपमा मात्रै होइन, धाराणात्मक रुपमा पनि फरकपना छ । ट्याब्लोइडका आलोचकहरु त के सम्म पनि भन्छन् भने ट्याब्लोइड पत्रिका त पत्रिका नै होइन । त्यो त वास्तवमा ब्रोडसिटमा देखा पर्ने समाचार सामाग्रीहरुको चोरीबाट निर्मित हो । यथार्थ के हो भने पश्चिमा देशमा ट्याब्लोइड साइजका पत्रिकाहरुमा अलि सनसनीपुर्ण खवर छापिने, पुरै पानामा एउटै फोटो वा ग्राफिक छाप्ने चलनले गर्दा पनि त्यसो भएको होला । उनीहरुको आरोप छ, 'आकार र विचार दुवै मा पुरानो ढर्रा भएको ट्याब्लोइडलाई पत्रिका मान्न गाऱ्हो छ ।' युरोप र अमेरिकामा ट्याब्लोइडहरुमा बढि ग्राफिक र रंगको संयोजन भएको हुन्छ भन्ने मान्यता छ । त्यस्तै ट्याब्लोइडमा एउटा पानामा कायम भएको लेख र विचारको निरन्तरता अर्को पेजमा हुन्छ भने ब्रोडसिटमा त्यसो हुँदैन ।

'ट्याब्लोइड यस्तो औद्योगिक शव्दावली हो, जहाँ खासगरी साना साइजका पत्रिका, जसमा खासगरी मनोरन्जन, घट्ना, दुर्घटना र हत्याका सनसनीपुर्ण खवर छापिन्छन् र प्रायः सित्तैमा ती बाँडिन्छन् ।' पश्चिमा देशहरुमा अहिले पनि यो प्रचलनमा छ । खासगरी नाम चलेका हिरोइन, धनाड्य, खेलाडी र अन्य *सेलिब्रेटी*हरुका व्यक्तिगत जीवनदेखि तिनका प्रेम र दैनिक जीवनका बारेमा ट्याब्लोइडहरु लेख्ने गर्छन् । यसको उद्देश्य अन्ततः यी सामाग्री बढी विनिमययुक्त छन् । तर हाम्रो देशमा भने विरलै यसरी निःशुल्क पत्रिका बाँडिएको छ । चर्च या क्रिश्चियन संस्थाहरुले

क्रिश्चियन धर्मको प्रचारका लागि बाँड्ने पुस्तक र बेलाबखत पार्टीहरुले सडकमा छर्ने 'पम्फलेट'बाहेक अरु हामीले त्यस्तो निशुल्क भेट्टाएका छैनौं ।

टयाब्लोइड पत्रिकाको 'फर्म्याट' खासगरी बेलायतमा बढि चलन चल्तिमा छ, जहाँ यसको साइज १७×११ हुनेगर्छ । ठूला आकार-प्रकारका पत्रपत्रिकाहरु, जो प्राय 'माथिल्लो स्तर'को पत्रकारितासँग सम्वन्धित छन्, लाई चाहीँ ब्रोडसिट भनिने गरेको छ । यद्यपि पछिल्लो समयमा 'मर्यादित' भनिने तिनै पत्रिकाहरुले आकार-प्रकारका हकमा 'ट्याब्लोइड'मा प्रवेश गरेका छन् ।

अमेरिकाका हस्ति ट्याब्लोइडहरुमा *द मेट्रो, फिलाडेल्फिया डेली न्युज, द सिकागो, सन टाइम्स, बस्टन हेराल्ड* र *न्युयोर्क अब्सर्बर* आदि पर्दछन् । त्यसैगरी ट्याब्लोइडको देश बेलायतमा *इन्डिपेन्डेन्ट, द टाइम्स, स्कच्म्यान* र *द सन* आदि चर्चित छन् । त्यस्तै युरोपमा सबैभन्दा बढि चलेको जर्मन पत्रिका *जाइटुङ* पनि ट्याब्लोइड नै हो । जहाँसम्म नेपालको सन्दर्भ छ, अहिले पनि थुप्रै ट्याब्लोइड पत्रिकाहरु अस्तित्वमा छन् । जस्तो कि *प्रकाश, भुमि, जनआवाज, परिवेश, देश जागरण, दृष्टि, जनआस्था, जनादेश, घट्ना र विचार , बुधवार, देशान्तर, बिमर्श, जनभावना, छलफल, साँघु, परिवेश* आदि । उसो त पछिल्लो समयमा केही दैनिक ट्याब्लोइड पनि बजारमा आएका छन् । व्यवसायीक रुपमा केही हदसम्म सफल *नयाँ पत्रिका* त्यसको उदाहरण हो । *जनदिशा* नामको अर्को ट्याब्लोइड पनि बजारमा देखिएको छ, जुन पत्रिकालाई माओवादी निकट मानिन्छ । नेपालका अधिकांश ट्याब्लोइड साप्ताहिकहरु श्यामश्वेत रंगमा छापिन्छन् । अध्ययनका तिन पत्रिकामध्ये *जनादेश*को बाहिरी दुई पृष्ठ रंगिन छापिन्छन् ।

## ४.६ *टयाब्लोइड* : सकारात्मक र नकारात्मक पक्ष

ट्याब्लोइड साप्ताहिकका असल पक्षहरु पनि विद्यमान छन् । राणा शासनकालका दिनहरुमा जन्मेका कतिपय पत्रिका, जो आजको खुला परिवेशमा कुनै वाद र दर्शनको पक्षमा वकालत गर्छन्, तिनीहरु कठिन दिनहरुमा समेत जनअधिकारको वकालत गर्ने काममा व्यस्त थिए । नेपालबाट सम्भव नभएतापनि छिमेकी देशमा समेत रहेर नेपाली प्रजातान्त्रिक आन्दोलनका पक्षमा तिनले डटेर 'मिसन पत्रकारिता' गरेका थिए । सबैको अथक प्रयत्न र प्रयासमा वि.स.२००७ मा प्रजातन्त्रको घोषणा भएको हो । वि.स.२००७ देखि वि.स.२०१७ सालमा त्यसै कारण धेरै पत्रपत्रिकाहरु निर्वाध रुपमा खोल्न र चल्न पनि थाले । कतिपय पत्रिकाहरुले यो

स्वतन्त्रताको दुरुपयोग पनि गरेको आरोप थियो उतिखेर तर जव वि.स.२०१७ सालमा राजा महेन्द्रले 'कु' गरे , तव फेरि प्रेस स्वतन्त्रताको हनन हुन थाल्यो । पंचायती व्यवस्थाको विरोध गर्ने पत्रिकाहरुमाथी पंचायतले प्रतिवन्ध लगाउन थाल्यो । व्यवस्था र स्वतन्त्रताप्रेमी पत्रकारहरुका विच मुसो विरालोको जस्तो लखेट्ने-दगुर्ने सम्वन्ध चलिरह्यो । कहिले एउटा नाममा चलाएको पत्रिकामा प्रतिवन्ध लगाएपछि फेरी अर्को नाममा प्रकाशन गर्नु , लुकिछिपि लेख्नु र लुकाई-लुकाई पाठकका हातमा पत्रिका पुऱ्याउने काम निश्चितै रुपमा उतिखेर बढी चुनौतीपुर्ण थियो । त्यो संघर्ष, हण्डर, ठक्कर, धरपकड, मुद्दा र मामिला व्यहोरेका पत्रिकाहरु नै हुन् वर्तमानमा पनि अस्तित्वमा रहेका कतिपय ट्याब्लोइड पत्रपत्रिकाहरु ।

तर त्यसको आशय हिजो कठिन संघर्ष गरेका कारण अब त्यसको 'ब्याज' खान पाउनु पर्छ भन्ने होइन । हिजो समाचार र विचार लेखेकै कारण प्रतिवन्ध भोग्नुपर्थ्यो । तर आज नेपालीहरु पूर्णरुपमा सार्वभौमसत्ता सम्पन्न भइसकेका छन् । अन्तरिम संविधान २०६३ ले लखेकै कारण 'कुनै पनि छापा वा विद्युतिय माध्यममा प्रतिवन्ध लगाउन नमिल्ने' उल्लेख भइसकेको अवस्था छ । तर त्यसको अर्थ जे मन लाग्यो त्यहि लेख्न पाउनुपर्छ भन्ने पनि त होइन । उसो त नेपालबाट प्रकाशित हुने केही साप्ताहिक पत्रिकाहरु आज पनि प्रभावकारी रुपमा चलेका छन् तथा उनीहरु लोकप्रिय छन् । ट्याब्लोइड साइजका केही पत्रिकाहरुले ब्यावसायिक रुपमा आफूलाई रुपान्तरण पनि गरेका छन् । *कान्तिपुर पब्लिकेसन्स*को टेब्लोइइड प्रकाशन *साप्ताहिक* साप्ताहिकले आफ्नो स्थापना कालदेखि नै राजनैतिक भन्दा बढि अन्य विषयलाई स्थान दिएर धेरै बिक्ने ट्याब्लोइड साप्ताहिक हुन सफल छ । पछिल्ला केहि वर्षहरुमा मनोरन्जन प्रधान मात्रै नभएर आर्थिक विषयहरुमा समेत लेख्ने *अभियान* साप्ताहिकजस्ता ट्याब्लोइड पनि बजारमा छन् । यसको खासगरि व्यापारी समुदायमा राम्रो बजार छ ।

नेपाली बजारमा विगत दुई वर्ष पुर्वबाट ट्याब्लोइड आकारमा *नयाँ पत्रिका* नामको पत्रिका प्रकाशित भइरहेको स्थिती विर्सनु हुदैन । *नयाँ पत्रिका*ले समाचारहरु आम ब्रोडसिटकै खालका छापेपनि आफूलाई पृथक देखाउने प्रयत्न करिव दुई तीन महिनासम्म गरेको थियो । वर्तमानमा पनि पाठकहरुमाझ 'ठीकै' उपस्थिती देखाउने यो दैनिकको चल्तिपश्चात बजारमा अर्को एक ट्याब्लोइड पनि आयो, त्यो हो *जनदिशा दैनिक* । बाऱ्ह वर्षे द्धन्दकालमा माओवादीका एफएम र माओवादी निकट साप्ताहिक ट्याब्लोइड साप्ताहिकहरुमा काम गरेका पत्रकारहरुको टिमले

संचालन गरेको यो दैनिकका समाचार र विचारको सामान्य अध्ययनबाटै प्रष्ट हुन्छ कि यो पत्रिका पूर्णत माओवादी पार्टी पक्षधर वकालत गर्ने पत्रिका हो । यसमा छापिने समाचार र विचारमा विरोधी विचार, पार्टी र संस्थाप्रति सदैव नकारात्मक दृष्टिकोण राखिएको पाइन्छ । उसो त *नयाँ पत्रिका* र *जनदिशा* आउनु सात र छ वर्ष अघि ट्याब्लोइड आकारमै देखा परेको *नयाँ सडक दैनिक* र *कान्तिपुर नगरी* भने करिव एक वर्ष चल्दा नचल्दै समाचारका *स्ट्यान्ड*बाट हराएका थिए ।

ट्याब्लोइड साप्ताहिक भन्नेवित्तिकै 'यी ठीक छैनन्' भन्ने होइन । अधिकांश टयाब्लोइडहरु 'प्रोपागाण्डा'प्रधान भएको सत्य हो । हुँदाहुँदै कुनै पनि पार्टीको विचार बुझ्न ती पत्रिकाहरुले केहि हदसम्म सहयोग पुऱ्याउँछन् । पार्टीभित्र कायम भएका गुप र उपगुटबीच समेत 'निजी साप्ताहिक'हरु भएको बताइन्छ । ती पत्रिकाहरुको अध्ययनबाट ती पार्टी र वैचारिक समूहको धारणा बुझ्न पाइन्छ । यसर्थ, यिनका पनि केही सकारात्मक पक्ष छन् भन्न सकिन्छ ।

## ४.७ सैद्धान्तिक पक्ष

मिडियाको काम जगाउनु हो । जागृत गर्नु हो । सूचना दिनु हो । सन्देश प्रवाहित गर्नु हो । ढाँट्नु र छल्नु होइन । 'सत्य यहि हो' भनेर गाइगोरुलाई जस्तो घाँस हाल्नु होइन । नीति नियम र सिद्धान्तको चर्चा परिचर्चा त हुन्छ जतिखेर नराम्रा निर्णय या काम हुन्छन् । तर गजव के छ मानिस अरुलाई सिकाउँदा सिद्धान्त र संहिताको कुरा गर्दछन् तर जव आफु कुनै काममा संलग्न हुन्छन् तव व्यवहारिक समस्या आदि भनेर सिद्धान्तको कुरा छाडिदिन्छ । यो हाम्रो मात्रै समस्या होइन, हाम्रा जस्ता धेरै अल्पविकसित देशहरुको समेत साझा समस्या हो ।

अर्को चिज के ख्याल राखिनु पर्दछ भने जुन चिज कानुनसम्मत छ, त्यो नैतिक रुपमा सही नै हुन्छ भन्ने केहि छैन । नैतिकता भनेको व्यक्तिगत विश्वास आर्ज गर्ने स्थिती पनि हो । के कसो गर्दा समाजलाई फाइदा पुग्छ तथा कसो गर्दा समाजको हितमा हुन्छ भन्ने चिज व्यक्ति स्वयंले महसुस गर्नुपऱ्यो । उसो त नैतिकता समाज र व्यक्ति पिच्छे नै फरक पनि हुन सक्छ ।

पत्रकारिता जगतमा आचार-संहिताको निर्माण पनि गरिएको छ । पत्रकारितालाई बस्तुगत, मर्यादित र सामाजिक रुपमा उत्तरदायित्वपूर्ण बनाउन । साप्ताहिक-पाक्षिक पत्रपत्रिका संजालले

पनि त्यस्तै खालको आचारसंहितको निर्माण गरेको छ । तर खोइ त लागु भएको व्यवहारमा ? यहाँनिर सामाजिक उत्तरदायित्वको सिद्धान्त महत्वपूर्ण देखिन आउँछ । खवर लेख्ने र खवर बेच्ने पत्रकार र सम्पादकले समाजप्रतिको उत्तरदायित्व र भूमिकालाई नविर्सीकन आफ्नो काममा तल्लिन हुनु पर्दछ ।

विरोधी पक्षको बदख्वाँई गरेर अरुलाई सदैव नराम्रो देखाउने कामले न देशलाई फाइदा गर्ला, न व्यक्तिलाई । पत्रकारिताको हितको केन्द्र त आम जनता नै हो, कुनै एउटा व्यक्ति होइन । यसर्थ समाज तथा समुदाय, राष्ट्र र समग्र मानवताको हितका र पक्षमा खवर, समाचार र विचार प्रवाहित गरिनु नै पत्रकार र पत्रकारिताको धर्म हो । उसको सिद्धान्त त्यस्तै हुनुपर्दछ । यदि कानुनले उसलाई बाँधेको छैन भने पनि, उल्लेखित विचार र नैतिकताको बन्धनले आफुलाई बाँध्नुपर्दछ । अनि मात्र समाज र राष्ट्रको पक्षमा उसका कलमहरुको उपयोग भएको ठानिनेछ ।

पत्रकार आचारसंहिता, पत्रकारिताका आधारभूत मान्यता, लोकतान्त्रिक समाजका आधारभुत सिद्धान्त र व्यवहार आजको पत्रकारिता जगतले स्विकार्नु पर्ने विषय हुन् । सो चिज आचारसंहिता मान्नेलाई लाग्छ । जसले आचारसंहिता मान्दैन उसलाई त्यो चिज लाग्दैन । सबै ठाउँमा कानुनले बाँध्न सकिदैन । व्यक्तिलाई तर्साएर कुनै नियममा रहन बाध्य पार्ने चिज त तानाशाही र निरंकुश व्यवस्था भएका देश र समाजमा मात्र सम्भव छ । यसर्थ, प्रेसका चार प्रमुख सिद्धान्तहरुमध्ये सामाजिक उत्तरदायित्व र प्रजातान्त्रिक सिद्धान्तको यथासंभव मात्रै पालना गरेमा प्रेस मर्यादित र वस्तुनिष्ठ हुन पुग्नेछ । यसर्थ, सन् १९४० मा पहिलो पटक रोबर्ट मेनिआर्ड हचिन्सद्धारा प्रतिपादित सामाजिक उत्तरदायित्वको सिद्धान्त, आज पनि उत्तिकै व्यवहारिक सिद्धान्त हो । दुष्प्रचारहरुबाट मुक्त हुन प्रेसको यो सिद्धान्त जति महत्वपुर्ण अरु हुने छैन ।

अतुलनीय परिवर्तनको संवाहक संचार माध्यम हो । संचार माध्यम स्वच्छ र जिम्मेवार नहुनु भनेको पानीको मुल नै प्रदुषित हुनु जस्तै हो । पानीको मुल प्रदुसित हुँदा जसरी सारा धाराहरुमा फोहर पानी पुग्दछ, त्यसैगरी संचारका साधनहरु गैरजिम्मेवार भइदिँदा सिंगो समाज नै अनेक द्धन्दको दुस्चक्रमा फस्ने सम्भावना रहन्छ । यसर्थ, आम पाठक र श्रोताको भावना बुझ्ेर, देश र राष्ट्रियताप्रति सम्वेदनसिल बनेर छापा वा विद्युतिय माध्यमले अत्यन्त मर्यादित र जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ ।


# अध्याय - ५

## ५. सर्वेक्षण परिणाम ९क्ष्चखभथ च्भकगति०


'हिमचुली स्टेसनरी'मा गरिएको 'मिनि रेन्डम सेम्पलिङ' को परिणाम सर्वेक्षणपछि गत चैत्र महिनाको पहिलो हप्ता म लागेँ, पत्रकारिताको पढाई हुन नेपालकै पहिलो अग्रगामी संस्था, रत्नराज्यलक्ष्मी क्याम्पसतर्फ । पत्रकारितामा स्नातक गरिरहेका जम्मा सय जनालाई विद्यार्थीहरुलाई यो सर्वेक्षणको प्रश्नावली भराउने ध्येय थियो । पत्रकारितामा स्नातक गरिरहेका विद्यार्थीहरुलाई नै यो प्रश्नावली भराउनुको एउटै कारण थियो । त्यो के भने उनीहरु नै प्रचारतन्त्रबारे राम्रोसँग बुझ्ने र विश्लेषण गर्ने क्षमताका हुन्छन् भन्ने विश्वास ।

उक्त सर्वेक्षण फारम हप्तादिनमा १०३ जनासँग अर्न्तकृया गरी भराइयो । अनुसन्धानको लक्ष्य पनि १०० जना मात्रै हो । भरिएको सर्वेक्षण फारमलाई व्यवस्थित गरेर व्यक्त विचारलाई तथ्यांकीकरण गर्नु आवश्यक ठानियो । सोधिएका जम्मा १६ प्रश्नबाट त्यसलाई संक्षिप्तीकरण ९क्ष्ङबचष्शबतष्यल० गर्नुपर्ने देखियो । यसअनुसार पत्रकारिता तथा आमसंचार विषय लिएर अध्ययन गरिरहेका स्नातकका विद्यार्थीहरुले भरेको प्रश्नावली अनुसार यस्तो परिणाम देखा पऱ्यो ।

सर्वेक्षण फारामको नौ नम्बरमा महत्वपूर्ण प्रश्न थियो : ट्याब्लोइड साप्ताहिकहरु प्रचारतन्त्रका साधन हुन् ? यो प्रश्नको उत्तरमा ७१.५% पत्रकारिताका विद्यार्थीले हो भन्ने जवाफ दिए । पत्रकारिताका विद्यार्थीहरु भन्दा बढी अरु कसले बुझ्न सक्ला पत्रकारिताको वास्तविकता ? २९.५ प्रतिशतको मतचाहिं दोस्रो थियो, होइन अर्थात् साप्ताहिक ट्याब्लोइडहरुमा खास रुपमा प्रोपागाण्डा भएको छैन ।





सर्वेक्षण फारमको दुई नम्बरको प्रश्नको उत्तर पनि प्रोपागान्डाको अध्ययनका सन्दर्भमा ख्याल गर्नुपर्ने हुन्छ । दुई नम्बरको प्रश्न थियो : ट्याब्लोइड साप्ताहिक पढ्दा तपाई कुन विचारको पत्रिका बढि पढ्नुहुन्छ ? यसको उत्तरमा




३८% उत्तरदाताले भने कि ती सबै विचारका पत्रपत्रिका पढ्छन् । त्यसैगरी २७% ले भने कि ती लोकतन्त्र पक्षधर पत्रिका पढ्छन् । त्यसैगरी २४% ले प्रजातान्त्रिक समाजवाद पक्षधर पत्रिका पढ्ने बताए साथै १२% विद्यार्थीले अभिव्यक्त गरे कि ती पूर्ण कम्युनिष्ट विचारका ट्याब्लोइड साप्ताहिक पढ्छन् । यसबाट पनि सामान्यतः के अनुमान लगाउन सकिन्छ भने करिब ४०% पाठकहरु सबै विचारप्रति सद्भाव राख्ने खालका छन्, जो सबै विचारका पत्रपत्रिका पढ्छन् ।


यस परिणामलाई एक नम्बरको प्रश्नसँग जोडेर पनि निरुपण गर्नुपर्ने हुन्छ, किनभने सर्वेक्षण प्रश्नावलीको एक नम्बरमा नै सोधिएको थियो - एकोहोरो पक्षधरता अख्तियार गरिएको ट्याब्लोइड साप्ताहिक कत्तिको पढ्नुहुन्छ ? यसमा ६२% विद्यार्थीले पढ्ने बताएका थिए ।

प्रश्न नं. १२ मा उल्लेख छ, के तपाई ट्याब्लोइड साप्ताहिकको समाचार/खबर र विचारमा विश्वास गर्नुहुन्छ ? यसको उत्तरमा ७३ प्रतिशतले बताए कि उनीहरु यसमा विश्वास गर्दैनन् । 'हल्का गर्छु' मा ७ प्रतिशत थिए भने 'विश्वास गर्छु' भन्नेमा २० प्रतिशत रहेका छन् । पत्रकारिता पढ्ने विद्यार्थीहरुको यो उत्तरले पनि थाहा हुन्छ कि आमरुपमा साप्ताहिक ट्याब्लोइडहरु दुश्प्रचारका साधन या माध्यम हुन् । यिनीप्रति पाठकको अति नै कम विश्वास छ ।





विद्यार्थीसँग प्रश्नावली भराउनु पूर्व केहि अनौपचारिक छलफल पनि भएको थियो । त्यस छलफलबाट पनि प्रोपागान्डा सम्बन्धी केहि आवश्यक विचार देखा परेका छन् । जस्तो कि विद्यार्थीहरुको राय थियो, प्रोपागान्डाको मिहिन उद्देश्य भने सार रुपमा पाठक वा लक्षित वर्गलाई वैचारिक रुपमै 'मोटिभेट' गर्ने भएकोले प्रोपागान्डालाई त्यति सहज रुपमा व्याख्या गर्न कठिन हुन्छ ।' उनीहरुले अध्ययनकर्तालाई यसो भनेर पनि सल्लाह दिन भ्याएकी - एउटा मान्य परिभाषा अख्तियार नगरिकन अध्ययन गर्नु कठिन काम हुनेछ । त्यस्तो विचारलाई पहिल्यै ख्याल गरेर प्रश्नावलीभित्र एउटा अलग प्रश्न समेत राखिएको थियो, 'आफूलाई मन लागेको कुरा लेख्न र छपाउन पाउनु ठिक हो कि होइन?' यो प्रश्नको जवाफमा धेरै विद्यार्थी (६५%) ले लेखेकी - 'मन लागेको कुरा छपाउनु ठिक होइन ।' उनीहरुको विचार थियो, त्यसले अराजकतालाई निमन्त्रणा गर्दछ । मानिस, संस्था वा समाजकै मानहानी हुन्छ आदि । तर ३५% ले भने 'नागरिक नै

निर्णायक’ खालको तर्कको पक्षमा तर्क पेश गरे, अर्थात जेसुकै लेखेर छापे पनि हुन्छ । आखिर यसलाई सत्य भनेको पनि सबैको विश्वास न आर्जन गर्ने हो भन्ने खालको ‘पाको’ तर्क थियो ।




मिडियाका विद्यार्थी प्रचारतन्त्रलाई कसरी बुझ्दा रहेछन् ? तिनका लागी के हो प्रोपागान्डा ? त्यस विषयमा पनि प्रश्नावली स्पष्ट थियो । प्रश्नावलीको नं. ६ मा उल्लेख थियो, ‘प्रोपागान्डा भन्ने कसरी थाहा पाउने ?’ यसका उत्तरदातालाई तिनवटा विकल्प दिइएको थियो । तिनवटा विकल्पमध्य ‘खबर एकपक्षीय छ भने त्यो प्रोपागान्डा हो’, ‘विरोधीको बद्ख्वाँई गरेको छ भने त्यो प्रोपागान्डा हो’ र ‘उल्लेखित दुबै गुण भएमा यो प्रोपागान्डा हो’ भनेर उल्लेख थियो । यसको परिणाम यसप्रकार थियो ।




प्रश्न नं. १६ मा उत्तरदातालाई खुल्ला विकल्प राखिएको थियो, जहाँ ‘ट्याब्लोइड साप्ताहिकमा हुने भनिएको प्रोपागाण्डाका बारेमा केहि बाँकी मत वा विचार छन् भन्ने, उल्लेख गर्न’ भनिएको

थियो, जसमा उत्तरदाताहरुमध्ये मात्र ११ जनाले प्रोपागाण्डाका विषयमा आफ्ना सल्लाह र सुझाव प्रदान गरेका थिए ।

# अध्याय - ६

## ६. विषयवस्तु विश्लेषण **(Content Analysis)**

साप्ताहिक ट्याब्लोइडका विषयवस्तुहरुमा कत्तिको प्रोपागाण्डाको चरित्र छ भन्नका लागि सर्वेक्षणका तिनैवटा प्रमुख साप्ताहिक ट्याब्लोइडहरु छानिएका थिए । ती तिनमध्ये पनि विचारपृष्ठका विषयबस्तुलाई लिइएको थियो । विचार पृष्ठमा नै खासगरी दुष्प्रचारको बढि से बढी गुण विद्यमान हुने अनुमानमा यसो गरिएको थियो । ट्याब्लोइडहरुका अन्य पृष्ठहरुमा लेख र समाचार छयासमिस् आउने गरेका कारण, नियमित जसो लेख/विचार छापिने पृष्ठ हाम्रो अध्ययनको क्षेत्र भएको हो ।

विषयबस्तु विश्लेषणका क्रममा सब भन्दा पहिला प्रत्येक पत्रिकाको विचार पृष्ठमा भएका विचार/ लेख/ पाठकपत्र/व्यंग र कवितालाई लिइएको छ र तद्नुरुप छुट्टाछुट्टै टिप्पणी गरिएको छ । जसअनुसार वर्णानुक्रमअनुसार :

### ६.१ *जनादेश*

(क) फाल्गुण ६ , २०६५ : जनादेशको पृष्ठ चारमा प्राय लेख/रचना रहने गर्दछ । यो अंकको चौथौ पृष्ठमा आठौं जनसेना दिवसको रिपोर्ट छापिएको छ । किरण भट्टराईको रिपोर्ट हो यो । रिपोर्टर भट्टराई नेकपा (माओवादी) का पुर्णकालिन कार्यकर्ता हुन् । रिपोर्टको शीर्षक छ - 'राष्ट्रिय झण्डा फहराउँदै शुरु भयो जनसेना दिवस ।' रिपोर्टको प्रारम्भमा नै अतिशयोक्तिपूर्ण दृष्टिकोण विद्यमान छ । 'गतवर्ष भन्दा यो जनसेना दिवस अझ भव्यतम् भयो ।' रिपोर्टमा धेरै ठाउँमा जनसेनाको बारेमा अतिरन्जनापुर्ण समाचार छ । रिपोर्टको अर्को ठाउँमा छ - 'बाटोभरी देखिएका सर्वसाधारणहरु सो दिवसको अवसरमा रातो अविरको टिका लगाएर हिँडी रहेका देखिन्थे ।' यस रिपोर्ट पुष्टि हुन सकेको छैन । उपस्थित माओवादी समर्थकहरुले टिका र अविर लगाए होलान्, बाटा हिड्ने सबैले अविर दलेर हिँडेका चिज मान्न असम्भव छ । 'समग्रमा १४ औं जनयुद्ध तथा

आठौं जनमुक्तिसेना दिवस ऐतिहासिक रह्यो ।' गजब छ, 'ऐतिहासिक' शब्द चार/पाँच ठाउँमा प्रयोग गरिएको छ, एउटै रिपोर्टमा । ऐतिहासिक पनि यति विघ्न प्रयोग हुन्छ र ?

राष्ट्रपतिलाई सो कार्यक्रममा बोलाइएको थियो तर राष्ट्रपति सो कार्यक्रममा नगएको बारेमा रिपोर्टरको आफ्नै धारणा र फैसला छ - '......यादवका गुरु गिरिजाप्रसाद कोइरालाको निर्देशनमा यादव सो कार्यक्रममा नगएको भन्ने कुरो आएको छ । यसबाट यादव देशकै राष्ट्रपतिको रुपमा नभई काँग्रेसका कार्यकर्ताको रुपमा रहेको प्रष्ट छ ।"

रिपोर्टको अन्तिम भागमा यस्तो उल्लेख छ - 'सो दिन जनमुक्ति सेनाले प्रदर्शन गरेका कवाज, पिरो, पोड, कला, युद्ध कौसल, प्रदशर्नीले जनमुक्ति सेना राष्ट्रिय सेना हुन सक्दैन भन्नेहरुलाई झापड दिएको छ । करिब एक घण्टाको सो प्रदर्शनमा जनमुक्ति सेनाको केहि पनि स्टेप  विग्रिएन? यतिमै फरक मत राख्ने माथि विरोध संवाहन गर्ने ! कवाज र पिटी खेलेको कुरामा यत्रो बढाई चढाई?'

यसैगरी दोस्रो लाइनको लेखको शीर्षक छ 'प्रचण्ड भावुक बन्नुको अर्थ ।' होला, प्रचण्ड भावुक बन्नुको अर्थ माओवादी कार्यकर्तामाथि ठूलो असर होला तर आम पाठकवर्गलाई माओवादीका नेता भावुक बन्नु नबन्नुको त्यति ठूलो अर्थ कायम छैन ।

सुनिल रेग्मीको उक्त लेखको प्रारम्भमै छ - 'क्रान्तिकारी नेता अक्सर भावुक किन हुन्छन् .....।' प्रारम्भमै क्रान्तिकारीको फुँदो ? वास्तवमा लाग्छ, को क्रान्तिकारी हो वा होइन भन्ने कुरा त पाठकले नै छुट्याउने थिए । उसो त रेग्मी पनि संयोगले माओवादीका पुर्णकालिन कार्यकर्ता नै हुन् । लेखमा छ - 'जनमुक्ति सेनाको त्याग, तपस्या कुनै बैज्ञानिकले उत्पादन गर्ने सुत्रभन्दा ज्यादा कठिन छ ।' लेखमा अति विशिष्ठ र विशेष अवस्थामा उत्पन्न हुने विशेषणहरु प्रंयोगमा आएका छन् । जस्तो कि योद्धाको बलिदानीपूर्ण गाथा, महान घाइतेहरु र मुक्तिकामी जनता । लेखक माओवादी नेताहरुको चरित्र र जीवन बढि सुविधाभोगी भयो भन्ने आरोपको ठाडो प्रतिकार गर्छन् - 'के नाङ्गै हिडेर क्रान्ति हुन्छ ?' लेखकले आफ्नो छुट्टै दर्शन निकालेका हुन् - 'कम्युनिष्ट नेता हुँदैमा गाडी नचढ्ने र कुनै पनि प्रकारका सुविधा नलिने भन्दा विचारलाई प्रतिपादन गर्न नयाँ अभिभार हो ।'

लेखमा छ - '……… प्रचण्डलाई हसाउँनुपर्छ । कमरेडहरु, उहाँलाई द्रविभुत बनाउनु हुँदैन । यो नै क्रान्तिको नयाँ नियम हो ।' र त्यसैगरी अर्को एउटा सन्दर्भमा लेखकले नेता प्रचण्डलाई भनेका छन् - 'बाबुआमा जे भनेपनि उहाँ हो ।' यो लेख वास्तवमै प्रोप्रागान्डाको चरित्र बोकेको विशुद्ध रचना हो ।

यी दुई लेखको अतिरिक्त 'साताको कविता' स्तम्भमा 'म तिमीसँगै छु ' शीर्षकमा कविता छ । यो पृष्ठमा जसमा विद्रोह जन्माउन 'वर्ग शत्रु' को छाति कोर्ने जस्ता विषय छन् । कविले जनसेनाको क्यान्टोन्मेन्टको सन्दर्भ उठाएका छन् । कवितामा उनी भन्छन् - 'म विद्रोह गर्भमा बोकेको क्यान्टोन्मेन्टमा छु ।'

ख) फाल्गुण १३, २०६५ : यसबखत भने यो पृष्ठमा दुईवटा लेख छन् । पहिलो लेख छ, माओवादी नेतृत्वको सरकारले गरेको प्रज्ञा प्रतिष्ठानको नियुक्ति सम्बन्धि । एकीकृत माओवादी पार्टीकै साहित्य क्षेत्रका बलराम तिमल्सिनाले लेखेको लेखको शीर्षक छ- 'प्रज्ञा प्रतिष्ठान गठन र विघटनको रामकहानी ।' लेख प्रज्ञा प्रतिष्ठानमा प्राज्ञ नियुक्त गर्ने प्रश्नमा माओवादी पार्टीबाट देखा परेका कमी कमजोरीका बारेमा खुलेर कुरा राख्छन् । यसमा पनि क्रान्ति, जनयुद्ध, प्रतिकृयावादी जस्ता शब्दको बाहुल्यता छ । तर यति हुँदाहुँदै पनि यो लेख *जनादेश*मा छापिने आम लेखको कोटीमा पर्दैन, जहाँ पार्टी र नेतृत्वको अन्धो स्तुति गाएको होस् । यो लेखले ए. नेकपा (माओवादी) का अन्तरविरोधलाई सतहमा ल्याउन खोजेको छ र सारमा यो लेख सन्तुलित छ ।

दोस्रो लेख छ, अघिल्लो हप्ता 'प्रचण्ड' को महिमा गाएका लेखक सुनिल रेग्मीकै । उनी यो पटकको लेखमा भने अर्को नौटंकी गर्छन् । 'फेसबुकमा महान् जनयुद्धको बहस' शीर्षकको उनको लेखमा बाबुराम भट्टराईलाई केन्द्रमा राखेर 'फेसबुक' नामको बहुराष्ट्रिय वेब सञ्जालको बारेमा चर्चा गरिएको छ । लेखकको दावी छ - 'नेपालमा माओवादी नेता डा. बाबुराम भट्टराई कमरेडको लोकप्रियताले फेसबुकका प्रयोगकर्ताको संख्यामा बृहत बृद्धि भयो ।' अर्को एक ठाउँमा लेखिएको छ, '.... त्यसैको निरन्तरता स्वरुप विश्वभर रहेका नेपालीहरुको डा. बाबुराम भट्टराईसँग साथी बन्ने लहडले छिनभरमै करिब ५,००० साथी भए ।' कति अविश्वासिलो चिज ! सुनिल रेग्मी

आफूले नै भट्टराईको 'फेसबुक आइडि' बनाएको भन्दै भन्छन् - 'मैले उहाँको 'फ्रेसबुक प्रोफाइल' बनाउँदा 'पुँजीवादी मिडिया' माथि विजय हासिल गरेको अनुभव गरेको छु ।' कति हास्यास्पद तर्क ! एउटा जाबो इमेल खोल्दा या नेटमा आइडी तयार गर्दा सिंगै 'पुँजीवादी मिडिया' माथि विजय ! फेसबुक, 'महान नेपाली जनता' र बाबुराम भट्टराईसँगको सम्बन्धलाई अनेक तर्क ल्याएर उनले अब 'जनयुद्ध' फेसबुकभित्र पनि देखा पर्ने अचम्मको तर्क अघि सारेका छन् ।

'साताको कविता' स्तम्भमा दुई कविता छन् जहाँ माओवादी सम्बन्धि स्तुति गाइएका कविताहरु छन् । एउटा छ 'आऊ है फर्केर', जहाँ माओवादीले जनयुद्ध शुरु गरेको जलजला भन्ने ठाउँ, शहिद स्तम्भ, पाँच शहिद, एम्बुस, सुरुङ र 'क्रान्तिको ब्रान्ड गोल्डस्टार जुत्ता'को कुरा छ । त्यसैगरी दोस्रो कविता 'उ.... क्या !' शीर्षकमा शैलेन्द्र घिमिरेले लेखेका छन् । यसमा पनि 'क्रान्ति' र 'दुश्मन' का एकतर्फि वर्णन केन्द्रित गरी ।

ग) फाल्गुण २०, २०६५ : *जनादेश*को यो अंकको लेखको शीर्षक छ 'अन्तरसंघर्षको एउटा फरक दस्तावेज' राजु क्षेत्रीले लेखेको यो लेखमा माओवादीको 'जनयुद्ध बारे विश्लेषण गरिएको एउटा पुस्तकको चर्चा छ । पुस्तक लेख्ने व्यक्ति भने 'जनयुद्ध' का कारण घाइते भएका व्यक्ति हुन् । उनकै अनुभूतिलाई लिएर लेखेको किताबको चर्चाका क्रममा आम 'प्रोप्रागान्डीय' विचार व्यक्त भएको छ । वर्गदुश्मन, प्रतिक्रान्तिकारी, प्रतिकृयावादी, विदेशी दलाल र पुँजीवादी जस्ता शव्दको प्रयोग केहि ठाउँमा दोहोरिएको छ ।'

क्षेत्रीले गरेको यो पुस्तक चर्चामा घाइते लेखकको महिमा गाइएको छ । 'क्रान्तिका लागि एउटा खुट्टा काटेर बलिदान गरेको त्यो व्यक्ति आफ्नो घरको खाटमा शान्तसँग बसिरहेको थियो स्थिर समुन्द्रजस्तो भावमा ।' श्रमजीवी, बन्दुक, बम, छर्रा, एम्बुस जस्ता शब्दहरु व्यापक प्रयोग भएको यो लेखले, एकोहोरो 'दुस्मन' माथि प्रहार गरेको छ ।

दोस्रो लाइनमा पुनः सुनिल रेग्मीको 'अनलाइन बहस' भन्दै 'डाक्टर कमरेड हियर इज कमेन्ट' शीर्षकमा लेख छापिएको छ । बोर्डिङ स्कूलहरुमाथि आयकर लगाउने घोषणा गरेका माओवादी नेता तथा अर्थमन्त्री डा. बाबुराम भट्टराईको बारेमा फेसबुकमा लेखिएको छ । प्रशंसाभन्दा केहि नभएको यो लेखमा माफिया, वर्ग दुश्मन, भजनमण्डली, युद्धमैदान जस्ता शब्द प्रयोग भएका

छन् । प्रेसबुक प्रयोगकर्ताहरुले पोष्ट गरेका एकाध प्रतिकृयालाई आधार बनाएर लेखिएको यो लेखको एक ठाउँमा यस्तो पनि लेखिएको छ - 'कसैले कर नतिर्ने धृष्टता गरे खरानी घसेर धोति लगाइनेछ ।'

यसपटक पनि यो पृष्ठमा दुईवटा कविता छन् - जुन कविता *जनादेश*मा प्राय पढ्न पाइने भन्दा कम आक्रोस पोखिएको र विरोधीलाई कम गाली गरिएका कविता हो । 'नेपाल हाम्रो आमा हुन्' शीर्षकमा काशीनाथ कुमार राजवंशी र 'शहर' शीर्षकमा सुनिता मैनालीको कवितामा मात्र एक ठाउँमा 'जनयुद्ध' र अर्कोमा 'छलाङ्ग' शब्दको प्रयोग भएको छ ।

घ) फाल्गुण २७, २०६५ :  यो मितिको विचार  पृष्ठमा अन्तरिम संविधानको पुरा पाठ छापिएको छ । त्यसमा कुनै विश्लेषणको जरुरी थिएन । संविधान सबैको सहमतिको दस्तावेज भएको चिज ख्याल गरिनुपर्छ ।

## ६.२ *देशान्तर*

क. फाल्गुण ४, २०६५ : *देशान्तर* साप्ताहिकको दोस्रो पृष्ठ हाम्रो अध्ययनको पृष्ठ हो । यसमा नियमित रुपमा सम्पादकीय र अन्य दुई वटा लेख छापिन्छन् । यो अंकको सम्पादकीय देशको सुरक्षा स्थितीका बारेमा छ । 'सुरक्षास्थिति झन् नाजुक' शीर्षकको सम्पादकीयमा एकीकृत नेकपा माओवादी र एमालेको गठबन्धन सरकारलाई सुरक्षा स्थिति सम्हाल्न नसकेको आरोप लगाइएको छ । यसमा गृहमन्त्रीले शान्ति सुरक्षा कायम गर्ने दावी गरिरहँदा किन प्रधानमन्त्रीकै स्वविय सचिव माथि नै गोली प्रहार भयो त ? भन्ने सन्दर्भ छ । सम्पादकीयको अन्तिम अनुच्छेदमा त अब सरकार शान्ति सुरक्षामा सुधार गर्न चाहन्छ भने प्रधानमन्त्रीले गृहमन्त्रीलाई पदत्याग गर्न बाध्य पार्नुपर्ने स्थिति आई नै सकेको छ भन्ने निचोड छ । उति आक्रमक नभए पनि यो सम्पादकीय पूर्वाग्रही देखिन्छ ।

पहिलो लेख छ 'लोकतन्त्र, अध्यादेश र धम्कीको राजनीति' शीर्षकको । लेख बेनीबहादुर कार्कीले लेखेका हुन् । यसमा संसद नभएको बेलामा र नेकपा माओवादीको सरकारले अध्यादेश ल्याएको समय सन्दर्भको भरमार एकतर्फि अधारहिन रुपमा विरोध गरिएको छ । लेखको एउटा हरफमा उल्लेख छ -'त्यसमा पनि लोकतन्त्रको मसिहा नेपाली काँग्रेसलाई यस्तो लोकतन्त्रविरोधी कामबाट

चिन्ता हुनु स्वभाविक हो ।' गजब छैन त ? लेखकले ठाडै नेपाली काँग्रेसलाई लोकतन्त्रको 'मसिहा' घोषणा गरिदिए जबकि उनी माओवादिलाई सिधै अधिनायकवादी रुपमा चित्रण गर्दछन्- 'माओवादिको लोकतन्त्रविरोधी र अधिनायकवादी शैलिको विरोध बढ्दै गएपछि माओवादी स्वयंले आन्दोलनको धम्कि दिन थालेको छ । यसबाट माओवादी चरित्र उदांगिएको छ ।' अर्को एक सन्दर्भमा लेखिएको छ-'माओवादी लोकतन्त्रविरोधी भएको रहस्य खुलेकै थियो ।'

अर्को एक ठाउँमा त अझ लेखकको आफ्नो विशिष्ठ दावी छ - लामो अवधि काँग्रेसको साथ दिएका नेपाली जनताले माओवादीले नेपाली जनताको भलो गर्छ कि भनेर परीक्षण मात्र गरेका हुन् । नेपाली जनता माओवादी बनेका होइनन ।' यो पक्ष पनि खोक्रो दावी भयो । लेखमा एकोहोरो माओवादीप्रति तिव्र प्रहार केन्द्रित छ ।

दोस्रो लेखको सारांश शासन व्यवस्था सम्बन्धी छ जसको शीर्षक छ - 'बहुदलिय संसदीय व्यवस्था नै नेपालको लागि सर्वोत्तम व्यवस्था ।' लेखक गोविन्दराज जोशी नेपाली काँग्रेसका केन्द्रिय सदस्य हुन् । संघिय व्यवस्था सहितको बहुदलीय व्यवस्थाको प्रारुप कोरिएको यो खाका जोशीले तयार परेका हुन् । यसमा समेत जोशीले काँग्रेस पक्ष झल्काएका छन् । यसमा गम्भीर त्रुटि छ । त्यो के भने कार्यकारीणी अधिकार सम्बन्धी व्यवस्था । वर्तमानमा पूर्व काँग्रेस नेता राष्ट्रपति भएकोले होला, यहाँ राष्ट्रपति र मन्त्रिपरिषद्मा भिन्दाभिन्दै कार्यकारी अधिकारको व्यवस्था उल्लेख छ । यो आफैमा ठूलो विरोधाभाषपूर्ण व्यवस्था हो ।

ख) फागुन ११ गते, २०६५ : सम्पादकीयको शीर्षक नै छ - 'सरकार असफल' खासगरी कुनै कारण वा घोषणाको पृष्ठभूमिमा यसरी फैसला दिएको भए त मिल्थ्यो होला तर शीर्षकमै पूर्वाग्रह झल्कियो । 'तत्काल सरकार छाड्न सक्नुपर्छ कि तत्काल सुधार गर्न सक्नु पर्छ ।' सम्पादकीयमा लेखिएको छ ।

काँग्रेस नेता लोकेश ढकालको लेखको शीर्षक छ - 'नयाँ तानाशाहको बाटो नखोलौं ।' यसमा ढकालले अरुलाई धेरै आरोप लगाउनेभन्दा पनि काँग्रेस जीवनका असंगति र विसंगतिलाई उजागर गर्न खोजेको प्रतित हुन्छ । उनले यसमा 'काँग्रेसभित्रको एउटा अनाधिकृत समूह' को चर्चा गर्दै तिनले संविधानको अवधारणा बनाउने काम गरेको आरोप लगाएका छन् । ढकालको

लेख काँग्रेसलाई कसरी मजबुत पार्ने, विकास गर्ने, संविधान कस्तो लेख्ने आदि विषयमा बढी केन्द्रित छ ।

दोस्रो लेख समेत नेपाली काँग्रेसकै अर्का नेता आनन्द सन्तोषी राइको छ । 'राज्यको पुनसंरचना शक्ति र श्रोतको वितरण' शीर्षकको लेखमा राई खासगरी भावी संविधान, राज्यको संरचना जस्ता विषयबारे चर्चा गर्छन् । यो लेख संविधानसभा चुनावमा काँग्रेसले जारी गरेको घोषणा पत्रको हुबहु कपी जस्तो लाग्ने छ । शब्दावलीहरु पनि सबै उहि प्रकारका छन् । त्यहि घोषणाका शब्दलाई यताउति पारेर लेख लेखिएको प्रष्ट भयो ।

ग) फाल्गुण १८, २०६५ : यो अंकको सम्पादकीयमा पनि सरकारको एउटा व्यवस्थाको विरोध गरिएको छ - त्यो हो शिक्षणसंस्था माथिको करको विरोध । अर्थमन्त्री डा. बाबुराम भट्टराईले कर नतिर्ने विद्यालयका संचालकलाई थुनिदिने धम्कि दिएको सन्दर्भमा लेखिएको सम्पादकीय शीर्षक छ - 'शिक्षामा कर नाजायज ।'

सम्पादकीयमा उल्लेख छ - 'त्यसैमा निःशुल्कको साटो उल्टो पढे वापत कर तिर्नुपर्ने व्यवस्था गऱ्यो । पढेवापत कर तिर्नु भनेको एक प्रकारले शिक्षाको नियोजन गर्न खोज्नु हो ।' यस पूर्वका कुनै सरकारले शिक्षामा कर लगाएका थिएनन् । माओवादीले यस्तो नयाँ काम गरेर शिक्षालाई झन् महंगो बनाउन खोजेको छ । सम्पादकीयले सरकारले व्यवसायमुखी स्कूललाई कर लगाउन खोज्नुको असल नियतमाथी प्रश्न उठाएको छ ।

प्रमुख लेख छ तेजप्रसाद सिटौलाको । शीर्षक छ - 'हामी कहाँ ?' लेखमा सिटौला साम्यवाद इतिहासको सन्दर्भ खोतल्दै माओवादीलाई शास्त्रिय साम्यवादीका रुपमा चित्रित गर्छन् । सिटौलाको आशय राम्रो भएतापनि लेखका विभिन्न अनुच्छेदमा उनले, माओवादीलाई सत्ताकब्जा गर्ने प्रयास गरिरहेको, कर्मचारीतन्त्रमाथि हस्तक्षेप गरेको, प्रेसमाथि असहिष्णु व्यवहार भएको सबै मूल्य र मान्यतालाई नकार्दै कानुनलाई हातमा लिएर सबै संयन्त्रलाई पंगु बनाउँदै लाने शैली अपनाएको भन्ने आरोप लगाएका छन् । सिटौलाले खासगरी सोभियत संघमा व्यथित भएको कम्युनिष्ट व्यवहार, चिन्तन र दर्शनतिर पनि कलम घुमाएका छन् । लेख्छन्, 'रुसको मात्र कुरा गर्दा लेनिनले राज्य आतंकको शुरुवातको सिलसिला शुरु गरे र त्यसले चरम रुप पायो स्टालिनकालमा ।

नेपालमा पनि वाइसिएलको जन्म माओवादीले यसै आधारमा लागु गराए । यसको शैली पनि 'चेका' गुप्तचर संस्थाको भन्दा कम रोचक र कम आतंकपूर्ण छैन ।' चेका नामको गुप्तचर संस्थाले शंकाका भरमा मानिसहरुलाई जेल, नेल र मृत्युको समेत फैसल गर्न सक्दथ्यो ।

लेखकको मार्क्सवाद असल नियतको हुँदाहुँदै पनि मार्क्सवादलाई लागु गरी यसलाई विकृत पारिएको आरोप छ । - 'मार्क्सवादलाई विकृत रुपमा पस्कने काम त साम्यवाद लागु गर्ने क्रममा ल्याइयो । तालिम नै यसरी गरियो त्यहाँ दया, माया, सहिष्णुता, संवेदनशीलता केहि हुँदैन । यथार्थमा मुक्तिका नाममा भय, त्रास, उत्पिडन, सास्ती, निर्वासन, श्रमकैद र हत्या नै यसका पर्यायवाची शव्द बने ।' रुसी कम्युनिष्ट इतिहास र षड्यन्त्रका प्रपञ्च बारे लेखकले प्रश्नहरु पर्याप्त मात्रमा उठाएका छन् साथै नेपालमा पनि तिनै कम्युनिष्टका अनुयायी माओवादीले पनि यस प्रकारको गल्ति गरिरहेछन् भन्ने तेजप्रसाद सिटौलाको निष्कर्ष छ ।

तारानाथ दाहालद्धारा लिखित दोस्रो लाइनको लेख छ - 'लोकतन्त्रको विकल्प : निरन्तर लोकतान्त्रिकरण' कसैलाई कुनै फत्तुर आरोप नलगाइएको यो लेख पूर्ण रुपमा सन्तुलित छ । खोट लगाउनुपर्ने कुनै चिज छैन, सन्तुलनका प्रश्नमा किनकि यसमा कसैलाई बदख्वाँई गरिएको छैन । सबैको सहकार्य र सहमतिमा जोड दिइएको छ ।

घ) फाल्गुण २५, २०६५ : यो अंकको सम्पादकीय 'दण्डहिनता अन्त्य गर' शीर्षकमा छ । सम्पादकीयमा छ - माओवादी सरकारमा गईसके पछिका दिन अपराधीहरु दण्डित हुनुपर्नेमा धमाधम पुरष्कृत हुँदै गईरहेका छन् । सम्पादकीयमा माओवादी कार्यकर्ताले गरेको ज्यादती, हत्या र लुटका घट्नाक्रम खोतलिएका छन् । यो भनाई एकपक्षीय आरोपजस्तो लागेता पनि धेरैजसो आरोप भने सहि र तटस्थ नै छन् ।

प्रमुख लेख छ 'नेपाली काँग्रेस र नयाँ संविधान लेखन' आनन्द सन्तोषी राइको लेखमा काँग्रेसले 'यसो गर्नुपर्ने र उसो गर्नुपर्ने' चिज उल्लेख छ । लेखमा उनको दावी छ - नेपाली काँग्रेसमात्रै एउटा त्यस्तो पार्टी हो, जो पूर्णरुपमा लोकतन्त्रप्रति प्रतिबद्ध छ ।'

दोस्रो लाइनमा यो पटक 'पाठक पत्र' सँलग्न छन् । चारवटा पत्र संलग्न यो पाठकपत्रका शीर्षकहरु क्रमश 'यस्ता स्ववियुमा माओवादी दादागिरी, प्रधानमन्त्री प्रचण्डलाई खुलापत्र, चैते माओवादीका कुरा र के को अपेक्षा राख्ने ?' छन् । यी सबैमा माओवादी, माओवादीका अध्यक्ष, माओवादीको भातृ संगठन अखिल क्रान्तिकारी र माओवादीको नेतृत्वको संयुक्त सरकारलाई भरमार गाली गरिएको पाइन्छ ।

ठाडै मात्रामा 'चैते माओवादी' शीर्षकको पाठक पत्रमा व्यक्तिको चरित्र हत्या गर्ने काम भएको छ । कुनै माओवादी निकट व्यवसायिकी श्रीमती कुन चाहिँ माओवादी साहित्यकारसँगै कोठामा बसिन् भन्ने जस्तो विषयवस्तु पनि उल्लेख छ । यस्तो कुरा/विषय पत्र पत्रिकामा छापिनु नपर्ने हो । यो कसैको व्यक्तिगत मामला हो । चरम पूर्वाग्रहले गर्दा उक्त पत्र छापिएको हो ।

## ६.३ *बुधवार*

(क) फाल्गुण ७ गते, २०६५ : पृष्ठ दुईको *बुधबार*मा सम्पादकीय र लेख छापिएका छन् । सम्पादकीय एमालेको राष्ट्रिय महाधिवेशनको विषयमा केन्द्रित छ र शीर्षक छ 'मानवसागरको अर्थ' । अरुले भनोस् , नभनोस् आफैँ मानवसागरको घोषणा बुधबारका सम्पादक विष्णु रिजालले गरेका छन् । सम्पादकीयमा माओवादी र काँग्रेसलाई गाली गरिएको छ । एमालेका महाधिवेशनमा धेरै जनता उपस्थित भएका कारण एमाले नै सबैभन्दा ठूलो पार्टी हो भन्ने दावी छ । एमाले सबैभन्दा व्यवस्थित पार्टी भनिएको छ ।

त्यसैगरी प्रमुख लेख सूर्य थापाको छ । सूर्य थापा यो पत्रिकाको सल्लाहकार सम्पादक पनि हुन्, साथै एमालेको प्रचारप्रसार विभाग प्रमुख पनि । एमालेको नेता, त्यो पनि प्रचार प्रसार सम्बन्धि तर स्वयं सल्लाहकार सम्पादक भएर आफ्नै पत्रिकामा लेख छापिरहेको अवस्था हो । यो लेखमा एमालेको महाधिवेशनकै सन्दर्भमा एमालेको विगत, वर्तमान र भविष्यको सन्दर्भ केलाइएको छ । यो लेख, मात्र एमालेलाई कसरी राम्रो बनाउने, ठूलो पार्टी बनाउने भन्ने विषयमा केन्द्रित छ । कसैलाई गाली नगरिएको हुँदाहुदै पनि आफ्नै मात्र बखान गरेको यो लेख एकपक्षीय छ ।

बीचको लाईनमा 'तीरकमान' नामको स्तम्भ छ, जून 'व्यङ्ग' स्तम्भ हो । उमेश गुइँठेले लेखेका तिन व्यंगमा एउटामा 'अब कुन पार्टीमा ?' शीर्षकमा नेकपा माओवादीका मातृकाप्रसाद यादवलाई व्यंग गरिएको छ । त्यस्तै 'के गरेर बस्नु' शीर्षकमा काँग्रेसलाई व्यंग गरिएको छ तर 'उस्तै जनता' शीर्षकको छोटो व्यँग सन्तुलित छ । तेस्रो तथा अन्तिम लाइनमा 'प्रतिध्वनि' शीर्षकको स्तम्भ छ । यो पाठकपत्र स्तम्भ हो । यहाँ दुई पाठकवर्गका पत्र छन् । दुबैमा माओवादीलाई भरमार गाली गरिएको छ । 'प्राज्ञिक क्षेत्रको अपमान' शीर्षकमा र 'यातायात मन्त्रीले ढाँटे' मा माओवादीको बदख्वाँई गरिएको छ ।

ख) फाल्गुण १४, २०६५ : सम्पादकीयको शीर्षक नै छ 'सुदृढ एमाले ।' शीर्षक जस्तै विषयबस्तुमा पनि एमाले जति सुदृढ भयो, देश त्यति नै सुदृढ र मजबुत हुन्छ भन्ने विषयवष्तु गरिएको छ । माओवादी एमालेको प्रमुख शत्रु भनेर किटान गरिएको छ ।

यो अंकमा पनि सूर्य थापाकै लेख छ । यो लेखमा भने थापाले पार्टीलाई जोडेर देशको राष्ट्रिय हित, एकता र अखण्डताको दृष्टिकोण पेश गरेका छन् । 'महाधिवेशन प्राथमिकताः राष्ट्रिय हित, एकता र अखण्डता' शीर्षकको लेखमा अन्य पार्टीहरुको संघियता सम्बन्धि अवधारणा र एमालेले संविधान बनाउँदा निर्वाह गर्नु पर्ने भूमिकाबारे उल्लेख छ ।

त्यसैगरी 'तीरकमान' मा उमेश गुइँठेका तीन व्यंग छन् , यसमा एउटामा मात्रै सकारात्मक सुझाव छ भने अर्का दुईमा माओवादीको निर्णय फिर्ताका बारे र अर्को निर्विकल्प सरकारसँग सम्वन्धित व्यङ्ग छ । व्यङ्ग त्यति असन्तुलित छैन । यो अंकको दुवै पाठकपत्रमा कसैको बद्ख्वाई र कसैलाई गाली गलौज छैन ।

ग) फाल्गुण २१, २०६५ : यो अंकको सम्पादकीयको शीर्षकमा नै घृणा र आक्रोश पोखिएको छ । शीर्षक नै छ - 'माओवादीको घृणित हर्कत ।' माओवादीले सहकार्य गरिरहेका अन्य दलको मन्त्रालयको निगरानी गर्ने निर्णय सार्वजनिक गरेको सन्दर्भलाई पत्रिकाले 'घृणित हर्कत' नाम दिएको हो । यस्मा माओवादीले सहकार्यको संस्कार विरुद्ध गएर कर्मचारीको सरुवा गरिरहेको आरोप लगाइएको छ । उल्लेख गरिएको छ, 'माओवादीका लागि नियम, कानुन र सभ्यता धेरै परका कुरा हुन् भन्ने उनीहरुको व्यवहारले प्रष्ट गरेको छ ।'

माओवादी, एक मन्त्रीलाई 'मानसिक असन्तुलन भएको' भनेर पनि सम्पादकीयको एक ठाउँमा लेखिएको छ । विषबमन, कायर, लाछी र आतंककारी जस्ता शब्द सम्पादकीयमा माओवादीका विरुद्ध लक्षित गरेर प्रयोग भएका छन् ।

'नेतृत्वदायी भूमिकाको' खोजी शीर्षकको लेखमा एमाले निकट पत्रकार राजेन्द्र गौतमको लेख छ, जहाँ एमाले राष्ट्रिय महाधिवेशनबारे लेखिएको छ । लेखमा एमालेको वैचारिक एकता, सुष्पटता र श्रेष्ठता, उग्रवामपन्थी दृष्टिकोण मूख्य खतरा रहेको ठहर, पार्टी संगठनको लोकतान्त्रिकरण, पार्टी कार्यकर्ताहरुको सर्वोच्चता, नेतृत्व निर्माणमा समावेशीकरण, पार्टी नेतृत्वमा युवाहरुको उल्लेख्य प्रवेश, पार्टी नेतृत्वमा महिला, पार्टीको अग्रगामी र नेतृत्वदायी भूमिकाका बारेमा चर्चा छ । सारमा एमालेको भलो चिताउँदै सबैलाई एमाले पार्टीलाई मजबुत बनाउन समेत लेखक आग्रह गर्दछन् ।

'तीरकमान' नामको स्तम्भमा सदाझैं तीन छोटा व्यङ्ग लेख छन् । पहिलोमा प्रधानमन्त्री प्रचण्डको सुखी जीवनलाई पनि व्यङ्ग गरिएको छ । त्यसैगरी दोस्रोमा संविधान निर्माणका क्रममा प्राप्त सुझाव र मत संकलनमा देखा परेका समस्याका बारेमा व्यङ्ग छ साथै तेस्रोमा राजदरबार हत्याकाण्डमा 'दोषी करार' दिपेन्द्र शाहको बारेमा छ । यसमा पुनः राजदरबार हत्याकाण्डको छानविन हुने विषयवस्तुको सन्दर्भ जोडिएर आएको छ ।

त्यसैगरी यो अंकमा दुई पाठकपत्र छन् । एउटाको शीर्षक नै छ - 'एमालेलाई उठाउन के गर्नुपर्छ ?' र दोस्रोमा कायम छ 'शहिदको अपमान ।' एमाले शुभचिन्तकले लेखेको पत्रमा 'यसो यसो' गर्दा एमाले सप्रिन्छ भन्ने चर्चा छ भने, दोस्रोमा चाहिँ माओवादीले केहि पहिले छ हजार मृतकलाई शहिद घोषणा गर्ने निर्णय विरुद्ध छ । पत्रमा यस्तो कामलाई 'घिनलाग्दो' काम भनिएको छ ।

घ) फाल्गुण २८, २०६५: यो अंकको सम्पादकीय छ - 'भूमिपुत्र हो नडराउ ।' नेकपा (एमाले) ले संघियतामा जाँदा 'एक मधेश एक प्रदेश' अस्विकार गर्ने चिज बाहिर आइरहँदा यो सम्पादकिय छापिनुको विशेष अर्थ छ । त्यो हो 'भूमिपुत्र' भनेर यहाँ उल्लेख तराईका थारुहरु हुन् ।

थारुहरुले 'मधेश राज्य' को विरुद्धमा आन्दोलन चलाइरहेको सन्दर्भमा उनीहरुलाई उकास्ने आश्रय सम्पादकीयमा देखिन्छ ।

सम्पादकीयमा माओवादीलाई प्रहार गरिएको छ । लेखिएको छ - जाति अनुसार मुलुकलाई चिरा पारेर राज्य बाँढ्ने आत्मघाती सोच माओवादीले ल्याएको हो । हिजो माओवादीले रोपेको विषबृक्ष अहिले फैलिरहेको छ । तराईका जनतालाई उचालेर आफ्नो लक्ष्य पूरा गराउनका लागि हिजो माओवादीले पनि यस्ते बकम्फुसे सपना बाँडेको थियो । सम्पादकीयमा थारुहरुलाई अझ सशक्त भएर प्रतिरोध गर्न आग्रह गरिएको छ ।

यो पृष्ठको प्रमुख लेख यसपटक पनि एमाले नेताकै छ । 'आठौं महाधिवेशन : उपलब्धि र चुनौति' शीर्षकको लेख एमाले सचिव युवराज ज्ञवालीको हो, जहाँ ज्ञवाली सम्पन्न एमालेको महाधिवेशनका बारेमा चचा परिचर्चा गर्दछन् ।

यो लेखमा एमाले बाहेक भरोसायोग्य अर्को कुनै पार्टी अहिलेसम्म छँदैछैन । यसर्थ एमालेलाई मजबुत बनाउन सबैले पहलकदमी गर्नुपर्छ भनिएको छ । लेखमा उनले गत एमाले महाधिवेशनमा सभास्थल बुटवलमा व्यापक जनताको उपस्थिति रहेको विषय अघि सारेका छन् । 'बुटवलमा अपेक्षाभन्दा बढि जनसागर उर्लियो', उनी लेख्छन्, 'यो महाधिवेशनले कम्युनिष्ट पार्टी भित्रको लोकतान्त्रिक विधिमा अन्यन्त ठूलो क्रान्तिकारी परिवर्तन गरेको छ ।' सारमा एमाले लोकप्रिय पार्टी हो, एमाले निर्विकल्प पार्टी हो, यसलाई सुधार्नु र अझ विकसित गर्नुको विकल्प नभएको तर्क उल्लेखित छ ।

'तीरकमान' स्तम्भमा यो पटक पनि माओवादी 'मुखिया' प्रचण्ड उर्फ प्रधानमन्त्री पुष्पकमल दाहाललाई दुई सेनाको सन्दर्भमा उनले दिएको अभिव्यक्तिलाई लिएर खिल्लि उडाइएको छ भने, 'संकट नै संकट' मा देशले 'फेस' गरिरहेको संकटको कुरा उठाइएको छ । 'दिल्ली चर्चा' शीर्षकको अर्को व्यङ्ग लेखमा पूर्वराजा ज्ञानेन्द्र भारतको दिल्ली पुगेको विषय राखिएको छ ।

यो अंकको 'पाठकपत्र' मा 'एकजना पार्टी छाड्ने' व्यक्तिको फोटोसहित उनको पत्र छापिएको छ - पत्रमा ती व्यक्तिले नेकपा (एकीकृत) नामको संगठन छाडेको र 'नेपाली जनताको सच्चा मुक्ति

तथा न्यायपूर्ण समाज निर्माणका खातिर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकास र सुदृढीकरण गर्ने कार्यमा समान विचार राख्ने व्यक्ति तथा शक्तिसँग सहकार्य गर्दै देशप्रतिको कर्तव्य पालना गर्ने कार्यमा सदा क्रियाशिल रहने प्रतिबद्धता समेत जाहेर गर्दछु' भनेर उल्लेख गरेका छन् । 'बुधबार'मा फोटो सहितको उनको यो पत्र छापिनुको अर्थ हो, अब उनी यो पत्रिका निकट पार्टीसँग निकट भएका छन् ।

## ६.४ समग्रमा विषयवस्तु विश्लेषण

*जनादेश, देशान्तर* र *बुधबार*को विषयबस्तु विश्लेषणका क्रममा भेटिएका तथ्यहरु :

क) यी तिनै पत्रिकाका विषयबस्तुका सारमा ती निकट भनिएका पार्टीहरुका मात्रै संलग्न छन् । त्यसको अर्थ हो *जनादेश* माओवादीको पत्रिका हो । *देशान्तर* काँग्रेसको पत्रिका हो र *बुधबार* एमालेको पत्रिका हो भन्ने लेख, सामाग्रीको व्याख्या र विश्लेषणबाट पुष्टि हुन्छ ।

ख) पार्टीले निकालेको भनेर ठाडै नभनेतापनि सत्यता यहि हो कि 'स्वतन्त्र, पत्रकारिताको बर्को ओडेर पार्टी पार्टीकारिता' गरिँदै छ । मेरो परिभाषामा वैधानिक 'प्रोपागान्डाकारिता' क्रमिक रुपमा थालनी गरिदैँ छ ।

ग) पार्टी इतरका विचार, लेख र तस्विरले यिनमा प्रवेश पाएका छैनन् र पाउने सम्भावना समेत छैन ।

घ) विरोधी विचारलाई सम्मान गर्न यी पत्रिकाहरु सक्दैनन् । यिनका सम्पादक त्यसो गर्न/गराउन असमर्थ छन् ।

ङ) विषयबस्तु विश्लेषणको निचोड यहि हो कि यी तीन ट्याब्लोइड साप्ताहिकमा व्यवसायिकता प्रायः शुन्य छ । यहाँ मुख्यतया 'प्रोपागान्डाकारिता' को चरित्र व्यापक छ ।

च) यि पत्रिकाहरुमा सिधै पार्टीका घोषणापत्रमा आए गरेका धारणा, व्यक्तिगत धारणा बनेर छापिएका छन् । पार्टीभन्दा अलि भिन्न ढंगले सोच्न सकिन्छ भन्ने मान्यता विरलै पाइन्छ ।

छ)  देशभन्दा बढि पार्टीको ख्याल गरिएका र 'हित' गरिएका लेखहरु छापिएका छन् । लेख/रिपोर्टमा चाकडी, र चाप्लुसी प्रष्टिएका छन् ।

ज)  पार्टीभित्रकै कुनै एक धारको प्रतिनिधित्व गर्ने यी पत्रिकाले, यद्यपि आफ्नो पार्टीको फरक धारलाई चिढ्याउने भन्दा पनि मिलाएर लैजाने प्रयास गरेका छन् ।

# अध्याय - ७

## ७. निष्कर्ष ⁄ सुझावहरु ९ऋयलअगिकष्यल बलम च्भअयक्रभलमबतष्यलक०

### ७.१ निष्कर्ष

साप्ताहिक पत्रिकामा कार्यरत पत्रकारहरु मध्ये धेरैले राजनीतिक विषयबस्तुमा लेख्ने गरेका छन् । राजनैतिक विषयमा लेख्दा तिनको समर्पण ९म्भखयतष्यल० कुनै एक दर्शन, विचार, पक्ष, पार्टी वा सँस्थासँग हुने गर्दछ । पत्रकारहरु 'रिपोटिङ्ग' गर्दैनन् । साप्ताहिक ट्याब्लोइड पत्रिकामा उनीहरु 'अनुमान रिपोटिङ्ग' या 'हाइपोथेटिकल रिपोर्टिङ' गर्छन् अनि पत्रिकासम्म आइपुग्दा त्यो हनुमान 'पत्रकारिता'मा रुपान्तरित हुन जान्छ । आफ्नो पक्ष सदैव सहि, जिम्मेवार, निर्विकल्प, बरिष्ठ, ठूलो र लोकप्रिय देख्ने चिन्तन छ, ट्याब्लोइडका पत्रकार र सम्पादकको । यसका कारण विरलै आफ्ना कमी कमजोरी र गल्तिका विषयवस्तु राजनैतिक दलहरु 'आफ्ना मिडिया'मा ल्याउँछन् ।

अध्ययनले देखाएको छ कि साप्ताहिक ट्याब्लोइडहरुमा ७६% समाचार ⁄ लेख त नकारात्मक शैलीको मात्रै छापिन्छ । त्यसको अर्थ हो 'एकपक्षिय' यी छापाहरु सधैं अरुको बद्ख्वाँई गर्छन् । अर्को पक्षको कृयाकलापलाई गलत देख्छन् तथा गलत रुपमा लेख्छन् । विरोधी पक्षको तेजोबध गर्ने, सकेसम्म उसका नकारात्मक पक्षमात्रै खोतल्ने, सकारात्मक दृष्किोणभित्र पनि नकारात्मक खोज्ने प्रवृत्ति मात्रै अनुभव गरिन्छ ।

अध्ययन सर्वेक्षणले के पनि प्रष्ट पारेको छ भने अध्ययनपूर्व गरिएको आशंका धेरै हदसम्म पुष्टि भएको छ । अध्ययनकर्ताको अनुमान के थियो भने बजारमा उपलब्ध ट्याब्लोइड साप्ताहिकहरु प्रोपागान्डाका साधन नै हुन् भने प्रश्नावली भराउने क्रममा पनि यस्तै उत्तर पाइएको थियो । 'ट्याब्लोइड साप्ताहिकका समाचार र विचारप्रति तपाईको विश्वास छ कि छैन?' भनेर सोधिएको थियो र उत्तरमा पनि ७३% उत्तरदाताले ती खबर र विचारमा विश्वास छैन भनेका थिए । ६% उत्तरदाताले हल्का विश्वास लाग्छ भन्ने उत्तर दिएका थिए । बाँकीले भने विश्वास छ भनेका थिए । अवश्य नै हरेक विषयमा पक्ष र इतर धारणा रहने गर्दछ । साप्ताहिक ट्याब्लोइडहरुका हकमा पनि त्यहि चिज लागू हुन्छ । आमसचेत पाठक ठान्दछन् - साप्ताहिक ट्याब्लोइडमा प्रोपागान्डाको चरित्र छ ।

एकपक्षीय खबर सम्प्रेषण गरेको अवस्थालाई पाठकहरु प्रोपागान्डा ठान्दा रहेछन् । ६१% उत्तरदाताले त्यस्तो ठान्दछन् भने विरोधीको बढख्वाँइ गरेको अवस्थालाई प्रोपागान्डा ठान्ने २४% छन् भने, बाँकीले चाहिँ माथिको दुवै अवस्थालाई प्रोपागान्डा ठान्दा रहेछन् ।

पत्रिकामा छापिएका विचार/लेखहरुको गहिरो अध्ययनपश्चात प्राप्त कुराहरु वास्तवमै सबैभन्दा धेरै मूल्यवान देखिएका छन् । अध्ययनका क्रममा समेटिएका पत्रिकामा छापिएका लेख/कविता र विचार सम्बन्धी विषयबस्तु अध्ययनबाट यी कुराहरु प्रष्ट भए :

क) उल्लेखित तिनवटै पत्रिका कुनै पार्टीको प्रष्ट या देखिने रुपमा गृहप्रकाशन होइनन् । कहिँ कतै पार्टीबाट संचालित भनेर उल्लेख नभएका यी पत्रिकाहरु अन्ततोगत्वा कुनै पार्टी कै लगानीमा चलिरहेछन् भन्ने चिजप्रति कुनै शंका छैन ।

ख) यी पत्रिकामा पार्टीका कार्यकर्ता, शुभेच्छुक, समर्थक र नेताका मात्रै मत, विचार र रिपोर्ट छापिन्छन् ।

ग) उल्लेखित तिनवटै 'ट्याब्लोइड्स' प्रोपागान्डाका लागि परिचालित छन् । चाहे त्यो 'ह्वाइट प्रोपागान्डा' होस् या किन नहोस् 'ब्ल्याक' नै !

घ) यी पत्रिकाहरु कहिल्यै पनि आफ्नो पक्षको नकारात्मक पाटो बाहिर ल्याउन चाहदैनन्/सक्दैनन । जे चिज छापिदिएपनि कार्यकर्ता/पाठकले पढिहाल्छन् भन्ने धारणा छ ।

## ७.२ सुझावहरु

### व्यावसायिकता

➢ व्यावसायिक साप्ताहिक ट्याब्लोइड पत्रिकाहरुले आफ्नो लक्ष्य स्पष्ट गर्नु जरुरी छ । व्यवसायिकतातर्फ आधार बनाएर के कसरी अघि बढ्ने हो, विचार गरिन्छ ।

स्पष्टताः

➢ विगतदेखि नै व्याख्या हुँदै आएको ‘मिसन पत्रकारिता’ या  व्यवसायिक पत्रकारिता गर्ने ? साप्ताहिक पत्रिकाका प्रकाशक तथा सम्पादकहरु स्पष्ट हुनुपर्छ । त्यसो गर्नु पुर्व अबको ‘मिसन’ के हुने भन्ने बारेमा जानकारी पनि दिइनु पर्छ ।

सत्यपनः

➢ जनतालाई तिनले साँचो कुरा भन्नुपर्छ । पत्रकारिताको आवरणमा ‘प्रोपागान्डाकारिता’ गर्नु हुन्न ।

विचारको मर्यादाः

➢ व्यवसायिकता अँगाल्नु भनेको सवै विचारलाई ग्राह्य हुने गरी सुन्नु र सुनाउनु हो । पार्टीका ‘प्रचार विभाग’ले छाप्नु पर्ने चिज, स्वतन्त्र रुपमा दर्ता गरिएका पत्रिकाका नामबाट छाप्न छाडिनु पर्दछ ।

मुद्दाको वहालतः

➢ व्यक्ति तथा संस्था विशेषभन्दा पनि साप्ताहिक पत्रिकाहरु मुद्दाका आधारमा अघि बढ्नु पर्छ ।

पारदर्शिताः

➢ गलत कार्यलाई ढाकछोप गर्ने, आफ्नो पक्षलाई उचाल्ने प्रवृत्तिलाई पूर्णरुपमा बन्द गर्नुपर्छ । यसो गर्दै गएमा यो व्यवसायिक पनि बन्दछ र आम पाठकको विश्वास पनि जित्न सकिन्छ ।

व्यावसायिकताको ज्ञानः

➢ व्यवसायिक पत्रकारिताको ज्ञान पत्रकारितामा संलग्नहरु समक्ष पनि पुऱ्याउनु पर्छ ।

व्यक्तिगत स्वतन्त्रताः

➢ पत्रकारहरुले पार्टीको सदस्यता लिने र पार्टीको विभिन्न निकायमा काम गर्ने पवृत्तिलाई पूर्णरुपमा निरुत्साहित गर्नुपर्छ ।

द्वन्द्वः

➢ व्यवसायिक पत्रकारिता वा एकतर्फी कोणिय राजनीति ? त्यसमध्ये एउटा लक्ष्य लिएर हिँड्न आवश्यक छ ।

गैरराजनीतिक अबधारणाः

- साप्ताहिक टेब्लोडहरुमा राजनीतिको तुलनामा अरु विषयमा समाचार/लेख लेख्नेहरुको कमी छ । समाजमा कायम रहेका आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका पक्षमा पनि समाचार लेख्न प्रोत्साहन गर्नुपर्छ ।

विषयगत प्राथमिकताः

- विषयगत आधारमा समाचार/लेख लेख्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउन जरुरी छ ।

निष्पक्ष हुन प्रोत्साहनः

- सम्पादक तथा प्रकाशकले संवाददाता/विशेषज्ञ र लेखकलाई निष्पक्ष तथा बस्तुगत भएर समाचार संकलनलाई प्रोत्साहित गर्नुपछ नकि आग्रह र पूर्वाग्रहका आधारमा ।

तथ्यमुखीः

- सनसनीपुर्ण खवर लेखेर पत्रिका बिकाउनेभन्दा पनि 'तथ्यमुखी' भएर पाठकमाझ यी पत्रिकाहरुले विश्वसनियता हाँसिल गनुपर्छ ।

पक्ष/विपक्ष लिनेः

- सत्य समाचार छ भने जुनसुकै पक्षको दिने र गलत रहेछ भने रोक्ने काम गर्नुपर्छ ।

पूर्वाग्रहको अवस्थाः

- सर्वेक्षणमा सहभागी भएकाहरुले ट्याब्लोइड साप्ताहिकहरु राजनीतिबाट धेरै प्रभावित भएको, पत्रिकाहरुमा राजनैतिक पूर्वाग्रह झल्किएको बताएका छन् ।

स्वसमीक्षा जरुरीः

- अरुको बारेमा आलोचना गर्ने र विश्लेषण गर्नुभन्दा पनि आफ्नो पत्रिकाको बारेमा उनिहरुले समीक्षा गर्नु जरुरी छ ।

# अध्याय -८

## ८. सन्दर्भ सामग्रीहरु ९च्भाभचभलअभक०


अधिकारी, ध्रुवहरि । २०५९। साप्ताहिक पत्रिकाको भावी दिशा । *नेपाल जागरण,* २७ जेठ, पृ.४ ।

कपिल लामिछाने, ऋषिराम भुसाल र पञ्चप्रसाद शर्मा । २०५९ । *पत्रकारिताको रुपरेखा* । काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

कार्की, विपेन्द्र । २०६० । साप्ताहिक पत्रिकाको अधोगति । *पत्रकारिता,* (असार/साउन) पृ.२४-२५ ।

केसी, भुवन । २०६१ । *श्रमजीवी पत्रकार ऐनः कार्यान्वियनको अवस्था र चुनौतीहरु* । अप्रकाशित शोधपत्र । पत्रकारिता तथा आमसंचार केन्द्रीय विभाग ।

खनाल, चिरञ्जीवी । २०५६ । साप्ताहिक समाचारपत्रका चुनौतीहरु । *खबर (पुष-फागुन)* पृ.६-९ ।

खनाल, चिरञ्जीवी । २०५६ । नेपाली साप्ताहिक समाचारपत्रका वर्तमान चुनौतीहरु । *गतिविधि,* १ असोज, पृ. ५)

खोज पत्रकारिता केन्द्र । २०६३ । *संकटकालका प्रेस सामग्री ।* प्रकाशोन्मुख पुस्तक । ललितपुरः खोज पत्रकारिता केन्द्र ।

गाउँले, शिव । २०५६ । दुब्लाउँदै गएका साप्ताहिक पत्रिकाहरु । *खबर* (पुस-फागुन) पृ. ३-५ ।

गौतम, राजाराम र मुकुल हुमागाईं । ०६१ । महान् मिडिया क्रान्ति । *नेपाल* साप्ताहिक, ३ साउन, पृ. २४-३१ ।

घिमिरे, सोमनाथ । ०६१ । साप्ताहिक पत्रिकाका समस्या र भविष्य । *पत्रकारिता* (कार्तिक-मंसिर) पृ. २९-३१ ।

ढुङ्गाना, दमननाथ । २०५८। साप्ताहिक पत्रिकाका चुनौती र सम्भावना । *गतिविधि,* २० जेठ, पृ. ३ ।

देवकोटा, गृष्मबहादुर । २०५१ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास ।* काठमाडौंः साझा प्रकाशन ।

नेपाल, किशोर । २०५७ । *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म* । काठमाडौंः व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

नेपाल, प्रदीप । २०५४ । अखबारलाई महाधिवेशन लागेर के हुन्छ र ? *दृष्टि,* ३ भदौ, पृ. १/८ ।

पाण्डे, युवराज, सं. । २०५५ । *नेपाली पत्रकारिताको विकासक्रम* । काठमाडौंः नेपाल प्रेस काउन्सिल ।

प्रेस काउन्सिल नेपाल ।०६२ । *प्रेस काउन्सिल नेपाल ३० औं वार्षिक प्रतिवेदन* । काठमाडौंः प्रेस काउन्सिल नेपाल, असोज ।

*बहुलवादी नेपाली समाजमा आमसंचार* । २०५४ । काठमाडौंः पत्रकारिता विभाग त्रिविवि र फेडरिक इवर्ट स्टिफ्टुङ ।

रेग्मी, शिव र पी. खरेल । २०५८ । *नेपालमा आमसंचारको विकास* । काठमाडौंः नेपाल आमसंचार प्रशिक्षक संघ

वन्त, प्रत्यूष । २००४ (२०६१) । मिडिया र उदार प्रजातन्त्र । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं, पृ. ५७५-५९६ । काठमाडौंः सोसल साइन्स बहाः ।

शर्मा, मुक्तिनाथ । २०५९ । नेपालमा साप्ताहिक पत्रिकाको अवस्था । *घटना र विचार,* १२ असार, पृ. ६ ।

साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल । ०६३ । *लोकतन्त्र स्मारिका* । काठमाडौं : साप्ताहिक पाक्षिक राष्ट्रिय सञ्जाल, जेठ ।

Bhattarai, Binod. 2004. *Nepali Press Under Emergency A Survey of the First Six Months.* Kathmandu. Centre for Investigative Journalism/Himal Books.

Gardner, Janet E. *Writing Research Papers with Literature and It's Writers.* Boston: Bedford Books.

Ghimire, Som Nath. 2000. "Weekly Newspapers Strides over the years". *Media Nepal, 2000. P. Kharel (Ed) P 51-91. Kathmandu: Nepal Press Institute with the support of DANIDA.*

Gibaldi, Joseph. 2000. *MLA Handbook for Writers of Research Papers* (5th Edition). New Delhi: East West Press Private Limited.

Gurung, Chun B., 2002. "Fast growing media industry and weeklies". *The Space Time Today.* April 19. P 4.

Khanal, Chiranjibi. 2001. "Weaknesses of Nepalese Journalism". *Media Issues in Nepal.* P. Kharel (ed). P 111-126. Kathmandu: Nepal Association of Media Educators with support from FES.

Kharel, P. 2002. "Understanding Media Practices". *Media in Society.* P. Kharel (ed). P 1-17. Kathmandu: Nepal Press Institute (NPI) with the support of DANIDA.

Neuman, W. Lawrance. 2003. "Theory and Research". (Chapter 3) in *Social Research Methods.* Boston, Allyn & Becon. P. 41-67.

Onta, Pratyoush. 2000. "The Plight of Dogmatic Weeklies". *The Kathmandu Post.* September 22, P 4.

Pokhrel, Prabal Raj. 2009. *Media Institutions at a Crossroad*. Kathmadnu: Wanmaya Publication & Research Centre Kathmandu.

Pokhrel, Prabal Raj. 2008. “A Thesmatic Study on Master Level Communication Research Behaviour” .*Humanities And Social Sciences Journal.*Kathmandu: Ratnarajya Laxmi Campus. P.88-98.

# अनुसूचि-थान १

'ट्याब्लोइड साप्ताहिकमा प्रोपागाण्डा' शिर्षकको अनुसन्धानका लागि तयार पारिएको प्रश्नावली

संस्था : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसंचार केन्द्रिय विभाग

अध्ययनकर्ता : प्रकाश तिम्सेना

प्रश्नावली भर्नेको नाम :

पेशा : लिङ्ग : उमेर :

सम्पर्क ठेगाना : फोन :

१. कुनै पार्टीको एकोहोरो पक्षधरता लिने ट्याब्लोइड साप्ताहिक पत्रिका तपाई पढ्नु हुन्छ कि हुन्न ?

पढ्छु ☐ पढ्दिन ☐ मलाई यसबारे थाहा छैन ☐

२. तपाई ट्याब्लोइड साप्ताहिक पढ्दा कुन चाँहि पक्षधरकोलाई प्राथमिकता दिनु हुन्छ ?

पूर्ण लोकतान्त्रिक पक्षधर ☐ समाजवादी लोकतन्त्र पक्षधर ☐

पूर्ण कम्युनिष्ट पक्षधर ☐ सबै विचारका ☐

३. टयाब्लोइड साप्ताहिक पत्रपत्रिकाहरु कत्तिको व्यवसायिक र निष्पक्ष छन् जस्तो लाग्छ ?

छन् ☐ छैनन् ☐ ठिकठिकै ☐

४. 'प्रोपागाण्डा' अथवा 'एकोहोरो प्रचार' भनेको तपाईलाई थाहा छ ?

छ ☐ छैन ☐ सुनेको छु ☐ बुझेको छु ☐

५. ट्याब्लोइड साप्ताहिक पत्रिकामा 'प्रोपागाण्डा' छ भने, के त्यो ठिक हो ?

हो ☐ होइन ☐ व्यवसायिक हुनुपर्छ ☐

६. प्रोपागाण्डा छ भन्ने कसरी थाहा पाउने ?

खबर एकपक्षीय छ भने ☐ विरोधीको बद्ख्वाई गरेको छ भने ☐

उल्लेखित दुवै ☐

७. तपाई आफुलाई यि तीन पार्टी मध्ये कुन चाँहि बढी निकट ठान्नुहुन्छ ?

एकिकृत नेकपा माओवादी ☐ नेपाली काँग्रेस ☐

नेकपा (एमाले) ☐ स्वतन्त्र ☐ अन्य ☐

८. 'मिसन पत्रकारिता' बारे तपाईलाई थाहा छ ?

छ ☐ छैन ☐

९. टयाब्लोइड साप्ताहिकहरु प्रोपागाण्डाका साधन हुन् ?

हुन ☐ होइनन् ☐

१०. तलाई उल्लेखित तीन धारका मध्येका पत्रिका नियमित पढ्नुहुन्छ ?

पढ्छु ☐ पढ्दिन ☐ सबै पढ्छु ☐

११. उल्लेखित पत्रिका नियमित पढ्नु हुन्छ कि आक्कल झुक्कल ?

नियमित ☐ आक्कलझुक्कल ☐

१२. ट्याब्लोइड साप्ताहिकका समाचार, विचार र तस्विरमा तपाई विश्वास गर्नु हुन्छ कि हुन्न ?

गर्छु ☐ गर्दिन ☐ हल्का गर्छु ☐

१३. टयाब्लोइड साप्ताहिक पत्रिकाको विषयबस्तु र समाचार माथि कुनै निगरानी या नियन्त्रण राख्नुपर्छ जस्तो लाग्छ कि लाग्दैन ?

लाग्छ ☐ लाग्दैन ☐ पाठकले निर्णय गर्छन् ☐

१४. आफुलाई मनमा लागेको कुरो जे पनि लेख्नु र छपाउनु ठिक हो कि होइन ?

हो ☐ होइन ☐

१५. पूर्वाग्रही र एकपक्षीय पत्रिकाहरु यदि बजारमा नहुने हो भने के हुन्थ्यो ?

सत्यतथ्य समाचार मात्र आउँथ्यो ☐ त्यसो गर्नु ठिक होइन ☐

१६. तपाईलाई थप्न मन लागेका केहि भए

क)

ख)

ग)

घ)

ङ)

......................

तपाईको हस्ताक्षर

धन्यवाद ।